# आर्थिक वर्ष २०७६/०७७ को

# बजेट वक्तव्य

प्रदेश सरकार
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
प्रदेश नं.३, हेटौंडा
२०७६

प्रदेश सभाको मिति २०७६ असार १ गते आइतबारको बैठकमा
आर्थिक मामिला तथा योजना मन्त्री माननीय कैलाश प्रसाद ढुङ्गेलले प्रस्तुत गर्नु भएको

# बजेट वक्तव्य

प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

प्रदेश नं. ३

२०७६

**माननीय सभामुख महोदय,**

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापनासँगै प्रदेशका सार्वभौम जनताले अनुमोदन गरी पठाएका प्रदेश सभाका सदस्यहरूको समर्थनमा गठित वर्तमान सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले यस सम्मानित सभा समक्ष प्रदेश सरकार गठन पश्चातको तेश्रो आर्थिक वर्ष २०७६/७७ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु।

२. यस महत्त्वपूर्ण अवसरमा लोकतन्त्र प्राप्तिका लागि जीवन आहुति गर्ने ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न राजनीतिक आन्दोलनका घाईते, अपाङ्ग तथा बेपत्ता नागरिकहरूप्रति सम्मान प्रकट गर्दछु। लोकतन्त्र र संघीयता प्राप्तिको अभियानमा नेतृत्व गर्ने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरूले पुर्‍याउनु भएको योगदानको सम्मान गर्न चाहन्छु।

३. **"स्वास्थ्य, सुसंस्कृत र सुखी जनता : समाजवाद उन्मुख समृद्ध प्रदेश"** भन्ने सोचका साथ **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा पूरा गर्न पूर्णरुपले प्रतिवद्ध हुँदै प्रदेशवासीले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्न अझ सशक्त रुपमा अघि बढ्नु पर्ने आवश्यकता छ। हाम्रो यस यात्रामा संघ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा स्थापित आधारशीलाले आगामी दिनमा हामीलाई मार्गनिर्देश गर्नेछ।

४. राजनीतिक संघीयताकै गतिमा प्रशासनिक एवं वित्तीय संघीयता कार्यान्वयन नहुँदा गत वर्षको नीति तथा कार्यक्रमले सोचे अनुरुप परिणाम दिन नसके तापनि आगामी दिनमा प्रदेशवासीमा जागृत विकासप्रतिको चाहना पूरा गर्न आवश्यक नीतिगत, संस्थागत र संरचनागत आधारशीलाहरू तयार भएका छन्। जनतालाई प्रदेश सरकारको शासकीय प्रणालीप्रति अपनत्व दिलाई शासकीय लाभहरूको वितरण गर्ने कार्यमा हामी अघि बढिरहेका छौं।

५. युगान्तकारी परिवर्तनको जगमा बसी आर्थिक, सामाजिक, सांस्कृतिक लगायत सबै प्रकारका विभेद, अशिक्षा, गरिबी, पछौटेपनको अन्त्य गर्दै प्रदेश विकासको महाअभियानमा अघि बढ्न **"प्रदेश समृद्धिको आधारः श्रम सिर्जना, उत्पादन र रोजगार"** भन्ने सोचका साथ जनताका चाहना एवं आवश्यकतालाई सम्बोधन गर्ने दिशामा केन्द्रित भई यो बजेट तर्जुमा गरेको छु।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले प्रदेशवासीको आर्थिक एवं सामाजिक हित प्रवर्द्धनका लागि संघीय एवं स्थानीय सरकारसँगको सहकार्य र

समन्वयमा स्रोत साधनको समन्यायिक वितरणमार्फत सबैलाई समान अवसर स्थापित गर्ने कुरामा विशेष जोड दिएको छु।

७. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, विनियोजन विधेयक, २०७६ को सिद्धान्त र प्राथमिकता, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्ध्रौं योजनाको आधारपत्र, प्रदेश सरकारको प्रथम आवधिक योजना, प्रदेश सभाका माननीय सदस्यहरूले दिनुभएका सुझावहरूलाई मार्गदर्शनको रुपमा लिएको छु। यस अतिरिक्त विभिन्न राजनीतिक दलहरू, सञ्चार माध्यम, प्रदेश एवं राष्ट्रियस्तरका बौद्धिक वर्ग लगायत अन्य क्षेत्रहरूबाट प्राप्त सुझावहरूलाई समेत बजेट निर्माणको आधारको रुपमा लिएको छु।

**माननीय सभामुख महोदय,**

८. संघीय सरकारबाट जारी गरिएको आर्थिक वर्ष २०७५/७६ को आर्थिक सर्वेक्षणलगायत संघीय सरकारका अन्य विभिन्न केन्द्रीय निकायद्वारा प्रकाशित तथ्याङ्क समेतका आधारमा तयार गरिएको यस प्रदेशको विद्यमान आर्थिक-सामाजिक स्थितिको संक्षिप्त जानकारी गराउन चाहन्छु।

९. आर्थिक वर्ष २०७५/७६ मा उत्पादन मूल्यका आधारमा नेपालको कुल ग्राहस्थ उत्पादन रु. ३४ खर्ब ६४ अर्ब ३१ करोडमा यस प्रदेशको योगदान सबैभन्दा बढी ४१.४ प्रतिशत रहेको छ।

१०. चालु आर्थिक वर्षका लागि अनुमानित नेपालको कूल ग्राहस्थ उत्पादनको वृद्धिदर ६.८ प्रतिशत रहेकोमा यस प्रदेशको वृद्धिदर ७ प्रतिशत कायम हुने अनुमान छ।

११. आर्थिक वर्ष २०७५/७६ को अन्त्यसम्ममा नेपालको निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या १८.७ प्रतिशत अनुमान गरिएकोमा यस प्रदेशको १५.३ प्रतिशत रहने अनुमान रहेको छ। त्यस्तै, राष्ट्रिय बहुआयामिक गरिबीको दर २८.६ प्रतिशत रहँदा यस प्रदेशको बहुआयामिक गरिबीको दर १५.३ प्रतिशत रहने अनुमान छ।

१२. नेपाल श्रमशक्ति सर्वेक्षण, २०१४ अनुसार नेपालको औसत बेरोजगारी दर ११.४ प्रतिशत रहेकोमा यस प्रदेशको बेरोजगारी दर सबैभन्दा कम अर्थात ७ प्रतिशत रहेको छ।

१३. नेपालको कूल भूभागको १४ प्रतिशत भूभाग र कूल जनसंख्याको २१ प्रतिशत जनसंख्या रहेको यस प्रदेशमा साक्षरता दर ६८.५४ प्रतिशत रहेको छ।

१४. प्रदेश अन्तर्गतका ११९ स्थानीय तहमध्ये हालसम्म धादिङका रुबीभ्याली, गंगाजमुना, खनियाँबास र नेत्रावती, सिन्धुलीको घ्याङलेख र दोलखाको गौरीशंकर गाउँपालिकाहरु बाहेक ११३ स्थानीय तहमा सरकारी कारोबार गर्ने बैंक शाखा विस्तार भइसकेको छ।

१५. संवैधानिक प्रावधान एवं अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार असार १ गते नै बजेट पेश भए तापनि कार्यान्वयनमा अपेक्षित प्रगति हासिल गर्न सकिएन। बजेट कार्यान्वयन गर्ने निकाय एवं पर्याप्त जनशक्तिको अभावमा बजेट कार्यान्वयनले अपेक्षित गति लिन सकेन। प्रदेश अन्तर्गतका अधिकांश कार्यालयहरू पौष मसान्त पश्चात मात्र क्रमशः संचालनमा आए भने कर्मचारी समायोजनको क्रममा प्रदेशको दरबन्दी अनुरुप पदपूर्ति नभएको, प्राविधिक जनशक्ति तदनुरुप नआएको जस्ता कारणले आर्थिक वर्ष २०७५/७६ मा प्रदेशको कूल सरकारी खर्च विनियोजनको तुलना ७८ प्रतिशत अर्थात रु. २७ अर्ब ८८ करोड १२ लाख खर्च हुने संशोधित अनुमान छ।

१६. आर्थिक वर्ष २०७५/७६ मा आन्तरिक राजस्व परिचालन रु. ८ अर्ब ३५ करोड १० लाख हुने संशोधित अनुमान छ। यसका आधारमा लक्ष्यको तुलनामा आन्तरिक राजस्व संकलन रु. ९८ करोड २६ लाख न्यून हुने देखिन्छ।

१७. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले गरेको व्यवस्था बमोजिम मध्यमकालीन खर्च संरचना (MTEF) र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्मको विषयगत मन्त्रालयको प्रगति विवरण यसैसाथ संलग्न गरी पेश गरेको छु।

**माननीय सभामुख महोदय,**

१८. अब म आगामी आर्थिक वर्ष २०७६/७७ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्यहरू निम्न अनुसार प्रस्तुत गरेको छु :

क. आर्थिक सामाजिक असमानताको अन्त्य गर्न नागरिकको मौलिक हक र अधिकारको कार्यान्वयन गर्ने,

ख. आर्थिक, भौतिक एवं सामाजिक पूर्वाधार विकास मार्फत सामाजिक न्याय सहितको समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने,

ग. जनमुखी प्रशासन, भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन गर्ने।

१९. आर्थिक वर्ष २०७६/७७ का बजेटका प्राथमिकता निम्न अनुसार प्रस्तुत गरेको छु :

घ. गुणस्तरीय भौतिक पूर्वाधारको विकास,

ङ. गुणस्तरीय शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास,

च. कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण एवं औद्योगीकीकरण,

छ. वन र वातावरण संरक्षण,

ज. सम्पदामैत्री पर्यटन प्रवर्द्धन र विकास,

झ. शान्ति सुरक्षा, भष्ट्राचार नियन्त्रण र शासकीय सुधार।

२०. अब म नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ एवं राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त सिफारिस समेतका आधारमा स्थानीय तहहरूमा वित्त हस्तान्तरण मार्फत प्रदान गरिने विनियोजित बजेटको विवरण प्रस्तुत गर्न चाहन्छु।

२१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा निर्धारित सूत्र अनुसार खर्चको आवश्यकता, मानव विकास सूचकाङ्कको अवस्था, राजस्व क्षमता तथा स्थानीय तहहरूबीच रहेको आर्थिक, सामाजिक एवं अन्य असमानता समेतका आधारमा प्रदेश नं. ३ का ११९ वटा स्थानीय तहहरूलाई जम्मा रु. १ अर्ब २५ करोड वित्तीय समानीकरण अनुदानका लागि बजेट विनियोजन गरेको छु।

२२. राजस्व बाँडफाँटतर्फ स्थानीय तहको जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क र न्यून विकास सूचकाङ्कलाई आधार लिएको छु। सवारी साधन कर बाँडफाँटतर्फ स्थानीय तहहरूलाई कूल रु. ३ अर्ब बाँडफाँट हुने अनुमान गरेको छु।

२३. स्थानीय तहहरूले आफूले पहिचान गरी आफ्नो क्षेत्रमा सञ्चालन गर्ने आयोजनाहरूका लागि समपूरक अनुदानतर्फ रु. २ अर्ब ४० करोड छुट्याएको छु। स्थानीय तहहरूले आयोजना तयारीको चरण पूरा गरी माग गरेमा प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम यस्तो अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु। चालु आर्थिक वर्षमा स्थानीय तहहरूबाट समपूरक अनुदानका लागि छनौट गरिएका योजनाहरूलाई आगामी वर्षमा सम्पन्न गर्न आवश्यक स्रोतको व्यवस्था मिलाएको छु।

२४. प्रदेश विशेष अनुदान व्यवस्थापन कार्यविधि, २०७५ अनुरुप प्रदेश भित्रका स्थानीय तहको सामाजिक उत्थान लगायत विशिष्ट प्रकृतिका कार्य गर्नका लागि विशेष अनुदान उपलब्ध गराउन कूल रु. चालीस करोड व्यवस्था गरेको छु।

२५. स्थानीय तह पूर्वाधार विकास कार्यक्रमको रुपमा स्थानीय तहहरूलाई पछि पहिचान हुने कार्यक्रमका लागि सशर्त अनुदान रु. एक अर्ब पच्चीस करोड र शिक्षा तथा स्वास्थ्यतर्फका स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानको कार्यक्रमका लागि रु. ५८ करोड ८१ लाख विनियोजन गरेको छु। कार्यक्रमको प्रकृति अनुसार आवश्यक कार्यविधिको निर्माण गरी पहिचान भएका योजनाहरूका लागि उक्त बजेट सदुपयोग गरिनेछ।

२६. अब म आर्थिक वर्ष २०७६/७७ का लागि निर्धारित क्षेत्रगत कार्यक्रम तथा विनियोजन बजेट प्रस्तुत गर्दछु।

**शिक्षा एवं संस्कृति**

२७. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने संवैधानिक हकको सुनिश्चित गर्न हिमाली, पहाडी एवं विकट क्षेत्रका बालबालिकालाई विद्यालयमा पहुँच पुर्‍याउन सुविधा सम्पन्न आवासीय विद्यालय सञ्चालनका लागि बजेट विनियोजन गरेको छु।

२८. राष्ट्रियता, मौलिक कला, संस्कृति र ज्ञानको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न तथा नैतिक शिक्षालाई विद्यालयस्तरदेखि नै पाठ्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

२९. स्थानीय तहसँग समन्वय गरी आवश्यक कार्यक्रमहरू सञ्चालन गर्न प्रारम्भिक बाल शिक्षकहरूको प्रोत्साहनका लागि रु. ६ करोड ५० लाख स्थानीय तहहरूलाई वित्त हस्तान्तरण मार्फत पठाउने व्यवस्था गरेको छु।

३०. अल्पसंख्यक, सीमान्तकृत, अतिसीमान्तकृत, लोपोन्मुख एवं विपन्न बालबालिकाको विद्यालय शिक्षामा दोहोरो नपर्ने गरी निरन्तरताका लागि दिवा खाजा कार्यक्रम अन्तर्गत बजेट विनियोजन गरेको छु।

३१. प्रदेशलाई चाहिने प्राविधिक तथा साधारण सबै किसिमका जनशक्ति उत्पादन र उपयोग हुन सक्ने गरी जीवनोपयोगी, व्यवहारिक एवं विज्ञान र प्रविधिमा आधारित दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न सिन्धुपाल्चोक जिल्लामा बहु-प्राविधिक

महाविद्यालय स्थापना र सञ्चालन गरिनेछ। यसका लागि रु. ११ करोड विनियोजन गरेको छु।

३२. प्रदेशभित्र एकीकृत शैक्षिक सूचना प्रणालीको सुदृढीकरण र कक्षा १० को माध्यमिक शिक्षा परीक्षा व्यवस्थापनका लागि आवश्यक कानूनी र संस्थागत संरचनाको लागि बजेट विनियोजन गरेको छु।

३३. सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात सन्तुलनमा ल्याउन विद्यालय तह मिलान, समायोजन एवं नक्साङ्कन गर्ने कार्य स्थानीय तहसँगको समन्वयमा सञ्चालन गर्नका लागि बजेटको व्यवस्था गरेको छु।

३४. सामुदायिक विद्यालयहरूमा विज्ञान, अङ्ग्रेजी एवं गणित विषयका शिक्षकहरूको अभावले पठनपाठनमा पर्ने असरलाई न्यूनीकरण गर्न स्वयमसेवक लगायत आवश्यक संख्यामा शिक्षक परिचालन गर्न शिक्षण सिकाई अनुदानको व्यवस्था गरेको छु।

३५. सामुदायिक विद्यालयहरूको भौतिक सबलीकरण र शैक्षिक गुणस्तर सुधारका लागि पूर्वाधार विकास अन्तर्गत विद्यालय भवन, घेरावार, महिलामैत्री शौचालय, शुद्ध तथा स्वच्छ खानेपानी तथा हरित विद्यालय विकासका लागि रु. २४ करोड र विद्यालयमा कम्प्यूटर ल्याब, इ-पुस्तकालय र स्मार्ट बोर्डका लागि रु. ७ करोड ५० लाख विनियोजन गरेको छु।

३६. दुई हजार भन्दा बढी शिक्षकलाई तालिम प्रदान गरी शिक्षाको गुणस्तर र शिक्षकको क्षमता अभिवृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३७. सामुदायिक क्याम्पसहरूको भौतिक सबलीकरण एवम् शैक्षिक गुणस्तर अभिवृद्धिका लागि रु. २३ करोड विनियोजन गरेको छु।

३८. प्रदेश गौरवको योजनाको रुपमा प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालन गर्न नीतिगत तथा कानुनी व्यवस्थाका लागि बजेटको प्रबन्ध गरेको छु।

३९. **"निरक्षरतामुक्त प्रदेश तीन, पूर्ण साक्षर भएको उज्यालो दिन"** भन्ने अभियानका साथ पूर्ण साक्षर जिल्ला घोषणा हुन बाँकी रहेका काठमाडौं र काभ्रेपलाञ्चोकलाई आगामी आर्थिक वर्षभित्र साक्षर जिल्ला घोषणा गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४०. **"प्रदेश तीनको इच्छा, छोरी बुहारीलाई उच्च शिक्षा"** भन्ने अभियानका साथ आगामी आर्थिक वर्षमा लोपोन्मुख, अल्पसंख्यक, अतिसीमान्तकृत एवं विपन्न वर्ग

तथा समुदाय र हिमाली तथा विकट पहाडी जिल्लास्थित सरकारी तथा सामुदायिक क्याम्पसमा अध्ययनरत गरीब तथा जेहेन्दार छात्रालाई स्नातक तथा स्नातकोत्तर तहको अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउन "**छोरी बुहारी छात्रवृत्ति कार्यक्रम**" सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४१. राष्ट्रिय सांस्कृतिक धरोहरका रुपमा रहेका हनुमानढोका, स्वयम्भू क्षेत्र लगायत प्राकृतिक, ऐतिहासिक, पूरातात्त्विक तथा सांस्कृतिक सम्पदाहरूको पहिचान, विकास, निर्माण, संरक्षण र सम्वर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु।

४२. सामाजिक रुपले पछाडि परेका जिरेल, सुरेल, हायु, बनकरिया, चेपाङ्ग, माझी, थामी, लेप्चा लगायत सीमान्तकृत एवं लोपोन्मुख जाति-जनजातिको उत्थानका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

**स्वास्थ्य**

४३. प्रदेश भित्रका सबै नागरिकलाई स्वस्थ बनाई सबल मानव पूँजी निर्माणका लागि संघीय एवं स्थानीय तहसँगको समन्वयमा निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

४४. संघीय सरकार र स्थानीय तहसँग सघन समन्वय गरी निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढ बनाउन स्वास्थ्य संस्थामा गुणस्तरीय औषधीको उपलब्धता सुनिश्चित गर्ने व्यवस्था मिलाएको छु।

४५. पर्यावरणमा आएको परिवर्तनसँगै नागरिकको जीवनशैलीमा बढिरहेको मुटुरोग, मधुमेह, क्यान्सर, मृगौला जस्ता नसर्ने रोगबाट आम नागरिकको जीवन रक्षाका लागि सचेतना, समयमै रोगको पहिचान, उपचार र रोकथाम गर्न चालु आर्थिक वर्ष देखि शुरु भएको **मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रमलाई** आगामी वर्षमा थप विस्तार गर्ने व्यवस्था मिलाएको छु।

४६. आर्थिक वर्ष ०७६/७७ लाई **स्वास्थ्य परीक्षण बर्ष** घोषणा गरी तीस वर्ष माथिका विपन्न, अल्पसंख्यक तथा लोपोन्मुख जाति, शहीद तथा बेपत्ता परिवार, सशस्त्र द्वन्द्वका घाइते एवम् महिला स्वास्थ्य स्वयंसेविकाहरूको निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाएको छु। यस बमोजिमको कार्यक्रम र आर्थिक अवस्था कमजोर भएका प्रदेशका बासिन्दालाई स्वास्थ्य परीक्षणमा सहुलियत प्रदान गर्ने कार्यक्रम समेतका लागि रु.११ करोड विनियोजन गरेको छु।

४७. संघीय सरकारसँगको समन्वय र सहकार्यमा प्रत्येक स्थानीय तहमा पन्ध्र शैयासम्मको अस्पतालको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउन आवश्यक सहयोग गरिनेछ। आयुर्वेद केन्द्रलाई क्रमशः प्राकृतिक चिकित्सा, योग र ध्यान सेवा सहित पन्ध्र शैयासम्मको अस्पतालमा स्तरोन्नति गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। आयुर्वेद तथा वैकल्पिक सेवाको विस्तार एवं सुदृढीकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४८. सामुदायिक विद्यालयहरूमा स्वास्थ्य सेवा, बाल स्वास्थ्य प्रवर्द्धन, प्रजनन् तथा यौन स्वास्थ्य परामर्श जस्ता सेवा प्रवाह गर्न सुरु गरिएको **"एक विद्यालय, एक नर्स"** कार्यक्रमलाई विस्तार गरी क्रमशः सबै स्थानीय तहका कम्तीमा एक विद्यालयमा एक नर्स पुऱ्याउने व्यवस्था गरिनेछ। यसका लागि रु. ६ करोड ६५ लाख बजेट विनियोजन गरेको छु।

४९. महिला स्वास्थ्य स्वयंसेविकाले स्वास्थ्य क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको कदर गर्दै चालु आर्थिक वर्ष देखि प्रोत्साहन स्वरुप दिदै आएको संचार खर्चलाई निरन्तरता दिएको छु। यसका लागि आवश्यक बजेट छुट्याएको छु।

५०. प्रदेश गौरवको योजनाको रुपमा हेटौंडा अस्पताललाई मदन कुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नामाकरण गरी स्वास्थ सेवाको क्षेत्र र गुणस्तर विकास गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

५१. प्रदेश मातहतका सरकारी तथा विशिष्टिकृत सेवा उपलब्ध गराउने मुख्य-मुख्य सामुदायिक अस्पतालहरूलाई सुविधा सम्पन्न बनाउन अस्पतालको पूर्वाधार तथा आवश्यक उपकरणहरू व्यवस्थापन एवं स्वास्थ्य संस्थाको पूर्वाधार विकासका लागि रु. ४१ करोड विनियोजन गरेको छु।

५२. प्रदेश अन्तर्गतका अस्पताल एवं स्वास्थ्य संस्थाहरू मार्फत विशिष्टीकृत स्वास्थ्य र शल्यक्रिया सेवा प्रदान गर्न आवश्यक पूर्वाधार विकासका लागि बजेट व्यवस्था गरेको छु।

५३. सडक क्षेत्रमा हुने दुर्घटनाका घाइतेको शीघ्र उपचारको व्यवस्था मिलाउन सडक क्षेत्रको निश्चित दुरीमा रहेका स्वास्थ्य संस्थालाई **"दुर्घटना रेस्पोन्स सेन्टर"** को रुपमा विकास गर्न आवश्यक बजेट छुट्याएको छु।

५४. संघीय सरकारसँगको समन्वय एवं सहकार्यमा प्रदेशमा रहेका प्रसूति सेवा केन्द्रलाई सुदृढीकरण गर्दै प्रदेश मातहतका सबै अस्पतालमा **बृहत् आकस्मिक**

**प्रसुति तथा नवजात शिशु सेवा (CEONC)** लाई भरपर्दो तुल्याउन विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

५५. **"प्रदेश तीनको सरोकार, महिलालाई सामाजिक र आर्थिक अधिकार"** भन्ने नारालाई सार्थकता दिन महिलाको सामाजिक र आर्थिक सशक्तीकरणका लागि लैङ्गिक समानता, समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

५६. विपद् तथा जोखिममा परेका महिला र बालबालिकाको संरक्षणका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन एवं किशोरीहरूको बहुआयामिक विकासका लागि **किशोरी विकास कार्यक्रम** सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

५७. स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रदेश नं. ३ लाई **सहयोगापेक्षी सडक मानवमुक्त** प्रदेश बनाउने नीति अनुरुप अभिभावकविहीन बालबालिकाको संरक्षणका लागि सामाजिक सुरक्षाका विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

५८. **"प्रदेश र स्थानीय तहको एउटै सन्देश, बालविवाहमुक्त हाम्रो प्रदेश"** भन्ने अठोटका साथ स्थानीय तहसँगको समन्वय र सहकार्यमा संवत् २०७८ सम्ममा बालविबाह मुक्त प्रदेश र संवत् २०८० सम्ममा बालमैत्री प्रदेश बनाउन स्थानीय तहहरूलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई थप विस्तार गर्ने व्यवस्था मिलाएको छु।

५९. संघीय सरकार र स्थानीय तहसँग समन्वय गरी संरक्षणमा राख्नु पर्ने टुहुरा तथा आश्रयहीन बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, अल्जाइमर एवं अटिजम भएका व्यक्तिहरूका लागि संरक्षण गृह, दिवा सेवा केन्द्र, वृद्धाश्रम लगायत संस्थागत संरचना व्यवस्थित गर्न बजेट विनियोजन गरेको छु।

६०. एकल महिला, यौनिक तथा लैङ्गिक अल्प संख्यकहरूको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु।

६१. अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, सम्वर्द्धन तथा सशक्तीकरण गर्न स्थानीय तहलाई प्रोत्साहन गर्दै **समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम** सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

## युवा तथा खेलकुद

६२. **"राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद"** भन्ने उद्देश्यका साथ खेलकुद पूर्वाधारको विकास गर्न चालु आर्थिक वर्षका आयोजनाहरूको निरन्तरता सहित थप रङ्गशाला, कभर्डहल र खेल मैदान निर्माण गर्न रु. ६८ करोड ४० लाख बजेटको प्रबन्ध गरेको छु।

६३. नव प्रवर्तनका क्षेत्रमा काम गर्ने युवा वैज्ञानिकहरूलाई प्रोत्साहन गर्न स्थापित युवा वैज्ञानिक पहिचान र प्रोत्साहन कोषका लागि रु. ५ करोड बजेट विनियोजन गरेको छु।

६४. प्रदेशस्तरीय, अन्तरप्रदेश तथा राष्ट्रिय खेलकुद कार्यक्रमहरू सञ्चालन गर्न एवं खेलाडी तथा प्रशिक्षकको क्षमता अभिवृद्धि तथा व्यवसायिक बीमा कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु।

६५. प्रदेश युवा परिषद् तथा प्रदेश खेलकुद परिषद् निर्माण गर्न आवश्यक कानूनको तर्जुमा एवं सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु।

## कृषि, भूमि एवं सहकारी

६६. संघीय तथा स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा कृषि भूमिको चक्लाबन्दी र एकीकरण गरी खाद्यान्न, नगदेबाली, फलफूल, माछा, मासु, अण्डा, दूध, च्याउ, मह, जडीबुटी जस्ता कृषि उत्पादनको **"विशिष्टिकृत उत्पादन क्षेत्र"** निर्धारण गर्न प्रत्येक निर्वाचन क्षेत्रमा एक एक वटा विशिष्टिकृत नमुना कृषि फार्मको स्थापना गरी प्रदेश सभाका माननीय सदस्यहरू समेतको संलग्नतामा अनुगमन हुने विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। यस प्रयोजनका लागि रु. २० करोड विनियोजन गरेको छु।

६७. चालु आर्थिक वर्षमा सुरुवात भएका सिन्धुलीको दुधौली, चितवनको माडी र आगामी आर्थिक वर्षमा नुवाकोट, सिन्धुपाल्चोक लगायतका जिल्लामा थप हुने सामूहिक खेती प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६८. कृषि पेशालाई मर्यादित र सम्मानित बनाउन कृषि व्यवसायमा संलग्न कृषक, कृषक समूह, सहकारी, उद्यमी, व्यवसायीहरूलाई सम्मान गर्न **"मुख्यमन्त्री कृषि पुरस्कार"** का लागि बजेट व्यवस्था गरेको छु।

६९. स्थानीय स्रोत तथा सीपमा आधारित "**एक स्थानीय तह : एक विशेष उत्पादन**" कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय तह विशेष उत्पादनलाई सहयोग पुग्ने गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

७०. नेपाल सरकारको **एक नेपाली एक फलफूल विरुवा रोपण** अभियानलाई सार्थक तुल्याउन अभियानमूलक रुपमा ५ लाख २५ हजार फलफूलको विरुवा रोपण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७१. प्रदेशभित्र तरकारी तथा फलफूलको गुणस्तरीय विरुवा आपूर्ति गर्न धादिङ, ललितपुर, काभ्रेपलाञ्चोक लगायतका जिल्लाहरूमा आधुनिक नर्सरी स्थापनाका लागि बजेट विनियोजन गरेको छु।

७२. आगामी ३ वर्षभित्र प्रदेशलाई फलफूल, तरकारी, पुष्प, मह, च्याउ, माछा, मासु, अण्डा र दूध तथा आगामी पाँच वर्षभित्र खाद्यान्नमा आत्मनिर्भर बनाउने दिशामा केन्द्रित कार्यक्रमहरूका लागि बजेट व्यवस्था गरेको छु।

७३. कृषिमा आधारित विभिन्न फलफूल, दुग्ध, दुग्धजन्य पदार्थ उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्न प्रतिफलमा आधारित अनुदान उपलब्ध गराउन बजेटको व्यवस्था गरेको छु। प्रदेशभित्र उत्पादन भएको प्रतिलिटर दूधमा रु. एक अनुदान दिने गरी सम्बन्धित दूध उत्पादक कृषकको खातामा जम्मा हुने व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. १२ करोड विनियोजन गरेको छु।

७४. स्थानीय तहका युवाहरूलाई कृषि पेशाप्रति आकर्षित गराउन "**कृषि व्यवसायमा युवा स्वयंसेवक परिचालन**" नाराका साथ २०० युवाहरूलाई व्यवहारिक र सैद्धान्तिक तालिम उपलब्ध गराई कृषि स्वयंसेवकको रुपमा कृषि व्यवसायमा संलग्न गराउन विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

७५. प्रदेश अन्तर्गतका कृषि ज्ञान केन्द्र एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूमा कृषि बीमा तथा कृषि ऋण डेस्क स्थापना गरी कृषकहरूलाई प्रदेश एवं संघीय सरकारबाट प्राप्त कृषि सुविधाहरूका विषयमा परामर्श दिने व्यवस्था मिलाएको छु।

७६. कृषि ऋण लिई कृषि व्यवसाय गर्ने कृषक, कृषक समुह, कृषि सहकारी र निजी व्यवसायीहरूको लागि प्रदेश सरकारको तर्फबाट थप १ प्रतिशत ब्याज अनुदान दिन रु. ५ करोड विनियोजन गरेको छु।

७७. पशुपालन क्षेत्रको विकास र विस्तारको लागि मित्र राष्ट्र जनवादी गणतन्त्र चीन सरकारबाट गाई र गाईको प्रविधि भित्र्याउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

७८. कृषकको आवश्यकता र चाहाना अनुसार कृषि, पशुपन्छी र मत्स्यका प्रभावकारी सेवा, टेवाहरू एकद्वार प्रणालीबाट प्रदान गर्न जिल्लास्थित मौजुदा कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई एकीकृत गर्न आवश्यक प्रक्रिया सुरु गरिनेछ।

७९. अव्यवस्थित रुपमा छाडा छोडिएका गाई, गोरु, साँढे लगायतका पशुहरूलाई संरक्षण र पालनका लागि काठमाडौं जिल्लाको टोखामा टोखा नगरपालिकाको साझेदारीमा लाङटाङ काञ्जी हाउस निर्माण गरी सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था गरेको छु।

८०. गैर आवासीय नेपाली संघसँगको साझेदारीमा प्रशोधन केन्द्रसहितको एक आधुनिक कृषि बजार स्थापना गर्न र प्रत्येक जिल्लाका उपयुक्त स्थानमा एक-एक वटा नमुना कृषि उपज संकलन तथा विक्री केन्द्र स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८१. कृषि प्राविधिक, बेरोजगार तथा विदेशबाट फर्केका युवाहरूलाई सहुलियतपूर्ण कृषि ऋण उपलब्ध गराउन कृषि विकास बैंकसँग समझदारी गरिनेछ। साथै, कृषक, कृषक समुह, सहकारी एवं उद्यमी व्यवसायीहरूलाई प्रवाह गरिने अनुदान कृषि विकास बैंक मार्फत हुने व्यवस्था मिलाएको छु।

८२. विषादियुक्त फलफूल तथा तरकारीहरूको उपभोगबाट सिर्जित स्वास्थ्यजन्य समस्या सम्बोधन गर्न तथा हरित शहर निर्माणमा सहयोग पुऱ्याउन ठूला शहरमा उच्च प्रविधियुक्त प्राङ्गारिक कौशी खेती कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

८३. नेपालको संविधानमा व्यवस्था गरिएको खाद्य सम्प्रभुताको हक कार्यान्वयन गर्न स्थानीय तहसँगको समन्वय एवं सहकार्यमा गहुँ, फापर, कोदो एवं स्थानीय/रैथाने बालीमा आधारित घरेलु खाद्य परिकार उद्योग स्थापना एवं सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु।

८४. दोलखा जिल्लामा निजी क्षेत्रसँगको साझेदारीमा चौरी प्रजनन् तथा श्रोत केन्द्र स्थापना गरिनेछ। रामेछाप, रसुवा, सिन्धुपाल्चोक र दोलखा जिल्लामा नमुना चौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि बजेट व्यवस्था गरेको छु।

८५. प्रदेशभित्रका १३ स्थानमा फलफूल तथा तरकारी भण्डारणका लागि १३ वटा कोल्डस्टोर निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सार्वजनिक-निजी-सहकारी साझेदारीमा मकवानपुर जिल्लामा कृषि औजार कारखाना, कृषि सुपर मार्केट तथा तरकारी एवं फलफूल थोक बजार निर्माण कार्यको थालनी यसै वर्षमा गरिनेछ। साथै, चकलेट र क्याडवेरी लगायतका दुग्ध पदार्थहरूको उत्पादन गर्ने चितवन जिल्लामा नमुना डेरी प्रशोधन प्लान्ट स्थापना कार्यको थालनी गरिनेछ।

८६. कृषिलाई पर्यटनसँग आबद्ध गर्न प्रदेशका १३ वटै जिल्लामा कम्तीमा एक-एक वटा "कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम" सञ्चालन गरिनेछ। यसका लागि ६ करोड ५० लाख बजेट विनियोजन गरेको छु।

८७. संघीय सरकार एवं स्थानीय तहसँगको समन्वय र सहकार्यमा भूमिलाई बनौट, क्षमता र उपयुक्तताका आधारमा वर्गीकरण एव उपयोग गर्ने नीति बनाइनेछ। प्रदेश भित्रका भू-उपयोगको अवस्था तथा जोखिमपूर्ण वस्ती सम्बन्धी विवरणसहितको प्रोफाइल तयार गर्न बजेटको व्यवस्था गरेको छु।

८८. भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबास गरेका परिवारहरूलाई लक्षित गरी रामेछाप, सिन्धुली र चितवन जिल्लामा एकीकृत कृषि पर्यटन कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

८९. सहकारी संस्थाहरूका लागि आधारभूत सहकारी व्यस्थापन एवं उद्यमशीलता प्रवर्द्धन सम्बन्धी तालिम प्रदान गरी उत्पादनमूलक सहकारीहरूलाई व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

९०. सिंचित क्षेत्र विस्तार गरी कृषि उत्पादन वृद्धिका लागि सौर्य सिंचाइ, लिफ्ट सिंचाइ, डिप बोरिङ्ग, तालतलैया निर्माण तथा संरक्षण र साना तथा ठूला पोखरी निर्माणका लागि बजेट विनियोजन गरेको छु।

९१. अभियानमूलक मत्स्य पालन कार्यक्रमका लागि प्रदेशका १० जिल्लाहरूमा एकीकृत रेन्बो ट्राउट लगायत विभिन्न प्रजातिका माछा पालन व्यवसाय सञ्चालन र विस्तार गर्न बृहत्तर मत्स्य विस्तार तथा विकास कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

९२. प्रदेशका १३ वटै जिल्लामा सम्भाव्यताका आधारमा गाई, भैंसी, रागाँ, बंगुर, कुखुरा एवं बाख्राको विकास तथा विस्तार कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरेको छु। कालिज, बँदेल, च्याखुरा, लोकल कुखुराको व्यवसायिक पालनलाई प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

९३. मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण तथा कृषि उपजको सुरक्षाका लागि चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा स्थानीय तह एवं जनताहरूको सहभागितामा पर्खाल निर्माण कार्यका लागि बजेट विनियोजन गरेको छु।

९४. कृषि उपजको बजारीकरण प्रवर्द्धनका लागि उत्पादन स्थललाई बजारसम्म जोड्न तेह्रवटै जिल्लामा कृषि उत्पादन पकेट क्षेत्र लक्षित साना कृषि सडक निर्माण तथा मर्मत संभारका लागि बजेट विनियोजन गरेको छु।

९५. बिउ व्यवसाय प्रवर्द्धनका लागि बिउ उत्पादक/व्यवसायीहरूसँगको साझेदारीमा चितवन जिल्लामा बिउ प्रशोधन कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९६. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यवसायिक कृषिको विकास गर्न रसुवा, धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, काठमाडौं, ललितपुर, भक्तपुर लगायतका जिल्लाहरूमा यान्त्रिकीकरण प्रवर्द्धन गर्न बजेटको व्यवस्था गरेको छु।

९७. पिछडिएको क्षेत्र, समुदाय, विपन्न समुदायको जिविकोपार्जनका लागि लक्षित समुदाय विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

९८. कफी, किवी, पुष्प, स्ट्रवेरीजस्ता नगदेवालीहरू, स्याउ तथा सुन्तला जातका फलफूल प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

९९. मह मूल्य शृङ्खला विकासका लागि चिउरी रोपण, मौरी पालन तथा मह प्रशोधन कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था मिलाएको छु।

१००. धान, मकै, गहुँ, आलु, तरकारी एवं स्थानीय तथा रैथाने बालीहरूको सम्बर्द्धन र प्रवर्द्धनका लागि कार्यक्रमहरू सञ्चालन गर्न स्रोतको प्रबन्ध गरेको छु।

**वन संरक्षण**

१०१. अनुमानित पाँच लाख घन फिट काठ उत्पादन हुने अपेक्षाका साथ वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न स्थानीय समुदायसँगको सहकार्यमा ६५ वटा सामुदायिक वनमा सिल्भीकल्चरमा आधारित वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु।

१०२. सामुदायिक तथा गरिबमुखी कबुलियती वन कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रममा सहयोग पुऱ्याउन

इन्टर्नसिप कार्यक्रममार्फत प्राविधिक परिचालन गर्न बजेटको व्यवस्था गरेको छु।

१०३. संघीय एवं प्रदेश सरकारद्वारा वातावरण संरक्षण कार्यका लागि थालिएको बृहत् वृक्षारोपण कार्यक्रमलाई प्रभावकारी बनाउन सफल सामुदायिक वनमा आवद्ध युवा वर्गलाई न्यूनतम दुई महिनाको रोजगारीसहित वृक्षारोपण कार्यमा सहभागी गराउने व्यवस्था मिलाएको छु।

१०४. **"एक समुह, एक वन उद्यम कार्यक्रम"** सञ्चालन गरी जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको दिगो संरक्षण तथा संकलन, व्यावसायिक खेतीको लागि वनलाई जनताको जीवनसँग जोड्न निजी वन, कृषि वन र प्राविधिक दृष्टिकोणले उपयुक्त वन क्षेत्रमा आवश्यक प्रजातिको जडीबुटी खेती गर्न बजेटको व्यवस्था मिलाएको छु।

१०५. फलफूल तथा जडीबुटीका उच्च गुणस्तरीय तथा बहुवर्षीय विरुवा उत्पादनका लागि कम्तीमा पाँच लाख विरुवा उत्पादन गर्ने क्षमता भएको हाइटेक नर्सरी स्थापना तथा सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु।

१०६. वन्यजन्तु एवं तिनको वासस्थान संरक्षण गर्न, जैविक मार्गको विकास एवं सिमसार क्षेत्रको संरक्षण गरी वासस्थान व्यवस्थापन गर्न, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्न तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना सम्बन्धी अध्ययन गर्न बजेटको व्यवस्था मिलाएको छु।

१०७. चुरे, महाभारत तथा हिमाली क्षेत्रको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्न नागरिक सचेतनाका साथै एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

### वातावरण संरक्षण

१०८. **"वातावरण संरक्षण हाम्रो अभिभारा, पृथ्वी हाम्रो सहारा"** भन्ने भावना आम प्रदेशवासीमा जागृत गराउन वातावरण सचेतना कार्यक्रम, सडक किनारा हरियाली विकास कार्यक्रम, प्लाष्टिक व्यवस्थापन कार्यक्रम, शहरी क्षेत्रको खोला किनारा हरियाली विकास तथा संरक्षण कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१०९. **जीवनका लागि पानी** कार्यक्रम मार्फत प्रदेश भित्रका पानीको मुहान संरक्षण गर्न संरक्षण पोखरी तथा खानेपानी जलाधार संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

११०. जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न अनुकूलनका क्रियाकलापहरू सञ्चालन गरिनेछ। यस कार्यका लागि जलवायु परिवर्तनका कारण प्रदेशका विभिन्न भूभागमा परेको वातावरणीय प्रभावको अध्ययन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१११. प्राकृतिक प्रकोपबाट हुन सक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न जोखिमयुक्त वस्तीको पहिचान, नक्साङ्कन गरी बायो इन्जिनियरिङ, तटबन्धन लगायत उपयुक्त प्रविधिको माध्यमबाट जोखिम न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

## विज्ञान तथा प्रविधि

११२. विज्ञान क्षेत्रको विकास गरी नवप्रवर्तन, आविष्कार एवं अनुसन्धानमा संलग्न युवा वैज्ञानिकहरूलाई उत्प्रेरित गर्न **विज्ञान आइडिया इन्क्युवेसन केन्द्र** स्थापनाका लागि अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

११३. युवा वैज्ञानिकलाई प्रोत्साहन गर्न राष्ट्रिय युवा वैज्ञानिक सम्मेलन, प्रदेशस्तरीय युवा वैज्ञानिक प्रदर्शनी मेला, नवप्रवर्तन एवं नव आविष्कार कार्यलाई सहयोग कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु।

११४. वन तथा वनस्पति क्षेत्रको अध्यापन गराउने विश्वविद्यालयहरूसँगको समन्वय एवं सहकार्यमा माटो, वन सम्बन्धी प्रयोगशाला तथा **लाइफ साइन्स फङ्सनल जिनोमिक्स** प्रयोगशाला स्थापनाका लागि बजेट विनियोजन गरेको छु।

## पर्यटन पूर्वाधार

११५. प्रदेश भित्रका घोषित हिल स्टेशनहरू, भ्यु टावरहरू, छनौट भएका नमूना पर्यटन गन्तव्यहरू, हिमाली तथा उच्च पहाडी क्षेत्रका पदमार्गहरू, साहसिक पर्यटकीय गन्तव्यहरू, विभिन्न प्राकृतिक तथा मानव निर्मित सम्पदाहरूको संरक्षण कार्यलाई विशेष प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु।

११६. पर्यटन पूर्वाधार विकास अन्तर्गत चालु आर्थिक वर्षमा सम्भाव्यता अध्ययन, गुरुयोजना तयार भएका योजनाहरूको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने

तथा विस्तृत परियोजना प्रतिवेदन तयार भई सकेका योजनाहरूको निर्माण कार्य क्रमशः पूरा गर्दै जाने लक्ष्यका साथ आवश्यक बजेट प्रवन्ध गरेको छु।

११७. सन् २०२० देखि २०३० सम्मको अवधिलाई **"प्रदेश भ्रमण दशक"** को रुपमा मनाउन कार्यक्रम प्रस्ताव गरेको छु।

११८. पर्यटन क्षेत्रको संस्थागत विकास, नियमन र प्रवर्द्धन गरी पर्यटन संस्कृतिको विकास गर्न प्रदेश पर्यटन परिषद् गठन तथा संचालन एवं नेपाल सरकारले घोषणा गरेको **"नेपाल भ्रमण वर्ष २०२०"** लाई सफल बनाउन विभिन्न कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

११९. रामेछाप जिल्लाको खाँडादेवी गाउँपालिकाको सित्खाबाट खाँडादेवी-दोरम्बा-शैलुङ र गोकुलगंगा गाउँपालिकाको चुचुरेबाट जटापोखरीसम्म केवलकार सञ्चालन गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गर्न बजेट विनियोजन गरेको छु।

१२०. संघीय सरकारसँगको समन्वयमा स्थानीय तहसँग सहकार्य र निजी क्षेत्रसँग साझेदारी गरी सिन्धुपाल्चोक र दोलखा जिल्लाको संगमस्थल डांगडुङ्गे डाँडामा फिल्म सिटी निर्माण गर्न आवश्यक बजेटको विनियोजन गरेको छु।

१२१. **"पर्यटन क्षेत्रको विस्तार, प्रदेश समृद्धिको आधार"** भन्ने अवधारणालाई सार्थक वनाउन गोञ्जलापास संचालन, ऐतिहासिक सिन्धुली गढी लगायत महत्वपूर्ण गढीहरूको संरक्षण तथा प्रवर्द्धन, होमस्टे विकास तथा विस्तार एवं स्थापित नयाँ गन्तव्य स्थलहरूमा एकीकृत र समन्वयात्मक रुपमा पुर्वाधार विकासका लागि बजेट विनियोजन गरेको छु।

## उद्योग, वाणिज्य एव उपभोक्ता हकहित

१२२. **"हामी सबै उद्यमी"** भन्ने नारालाई सार्थक तुल्याउन दलित, अल्पसंख्यक, महिला एवं आर्थिक रुपले विपन्न वर्ग समुदायलाई विशेष प्राथमिकतामा राखी वन तथा कृषिजन्य उद्योग एवं हस्तकला तथा परम्परागत सीप प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु।

१२३. संघीय सरकारसँग समन्वय गरी औद्योगिक क्षेत्रहरूलाई प्रदेश सरकार मातहत ल्याउन आवश्यक पहल गरिनेछ।

१२४. औद्योगिकीकरण मार्फत राष्ट्रिय समृद्धि यात्रामा अघि बढ्न सिन्धुलीको मरिन एवं मकवानपुरको मनहरीमा प्रदेश औद्योगिक क्षेत्रको स्थापना गर्न पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गरेको छु।

१२५. विकासको सुचकाङ्कमा पछाडि रहेका सिन्धुली, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, रामेछाप जिल्लामा गरीबी न्यूनीकरणका लागि लघु उद्यम विकास कार्यक्रमको आन्तरिकीकरण परियोजना मोडल कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु।

१२६. "प्रदेश व्यापार व्यावसाय मञ्च", "नागरिकको उपभोक्ता हक हित संरक्षण मञ्च", "श्रमिक हकहित छलफल इकाई" सँगको सहकार्यमा व्यापार प्रवर्द्धन एवं उपभोक्ता हकहित संरक्षण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१२७. औद्योगिक क्षेत्र नभएका निर्वाचन क्षेत्रहरूमा क्रमशः **एक निर्वाचन क्षेत्र एक औद्योगिक ग्राम** स्थापना गर्दै जान आवश्यक व्यवस्था मिलाएको छु। औद्योगिक कोरिडोरको विस्तृत परियोजना अध्ययन गर्न बजेटको व्यवस्था गरेको छु।

१२८. उद्योगलाई पर्यटनसँग जोडी घरेलु तथा औद्योगिक उपजको बिक्रीलाई व्यवस्थित गर्न धादिङको मास्टारमा बृहत् घरेलु उद्योग बिक्री केन्द्र स्थापना गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१२९. कागज उद्योगका लागि आवश्यक पूर्वाधार निर्माण, नेपाली हाते कागजको जापानिज प्रविधिबाट उत्पादन तथा प्राकृतिक रेसा उत्पादनका कार्यक्रम सञ्चालनका लागि बजेटको व्यवस्था गरेको छु।

**सडक पूर्वाधार**

१३०. नजिकैको कालोपत्रे सडकबाट स्थानीय तहको केन्द्र जोड्ने कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। नेपाल सरकारसँगको समन्वय र सहकार्यमा आगामी ४ वर्ष भित्र प्रदेशभित्रका सम्पूर्ण स्थानीय तहका केन्द्रसम्म बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार गरिनेछ।

१३१. प्रादेशिक विकासका दृष्टिकोणले महत्त्वपूर्ण सडक आयोजनाहरूलाई बहुवर्षीय आयोजनाको रुपमा सञ्चालन गर्न आवश्यक बजेटको प्रबन्ध गरेको छु।

१३२. संघीय सरकारसँगको समन्वय र सहकार्यमा प्रदेश गौरवको आयोजनाका रुपमा अगाडि बढाइने **पुष्पलाल प्रदेश चक्रपथ** (रामेछाप-दोलखा-सिन्धुपाल्चोक-नुवाकोट-धादिङ-चितवन-मकवानपुर-सिन्धुली-काभ्रे) र **पोष्ट बहादुर बोगटी सुरुङ मार्ग** (भिमफेदी-कुलेखानी) परियोजना अगाडि बढाउन बजेट विनियोजन गरेको छु।

१३३. **हेटौंडा-फाखेल-फर्पिङ** सडकको स्तरोन्नति कार्य उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु।

१३४. काठमाडौं उपत्यकासँगको पहुँचको दुरीलाई छोट्याउने **चौतारा-सिपाघाट-कात्तिके-काठमाडौं** सडक र **टोखा-छहरे-नुवाकोट सडक** आयोजनाहरूको विस्तार तथा स्तरोन्नतिका लागि आवश्यक बजेट छुट्याएको छु।

**यातायात व्यवस्थापन**

१३५. सवारी साधन दर्ता, नवीकरण र सवारी चालक अनुमति-पत्र लगायतका कामलाई अनलाईन प्रणालीमा आवद्ध गरी प्रदेशमा दर्ता भएका सवारी साधनको लगत अद्यावधिक बनाउने कार्य गर्न बजेट विनियोजन गरेको छु।

१३६. सार्वजनिक-निजी-सहकारी साझेदारीमा प्रदेश सार्वजनिक बस सेवा सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। स्थानीय तहसँगको सहकार्यमा सबै जिल्लाका जिल्ला सदरमुकाममा रहेका बस पार्कलाई क्रमशः स्तरोन्नति गर्न बजेटको व्यवस्था गरेको छु।

१३७. सार्वजनिक-निजी-साझदारीका माध्यमबाट **इलेक्ट्रिक मास ट्रान्जिट प्रणाली** सञ्चालन गर्न अनुदानका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१३८. संघीय सरकारसँग समन्वय गरी संवत् २०८५ सम्ममा काठमाडौं उपत्यका लगायत ठूला शहरहरुमा पेट्रोलियम पदार्थमा आधारित सार्वजनिक सवारी साधन क्रमशः विस्थापित गर्ने नीति अनुरुप विद्युतीय सवारी साधन सञ्चालनमा प्रोत्साहन गर्न बजेटको व्यवस्था गरेको छु।

**उर्जा, जलस्रोत तथा सिंचाइ**

१३९. सतह, भूमिगत, जलाशययुक्त तथा नयाँ प्रविधिमा आधारित सिंचाइ जस्ता प्रविधिको प्रयोग गरी प्रदेश भित्रका सबै खेतीयोग्य जमिनमा दिगो, भरपर्दो तथा वर्षै भरी सिंचाइ सुविधा सुनिश्चित गर्न सतह सिंचाइ कार्यक्रम र भूमिगत सिंचाइ कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

१४०. जोखिमबाट प्रवाहित हुने सम्भावित स्थानको पहिचान गरी सोको आवश्यक व्यवस्थापन तथा न्यूनीकरण गर्न तटबन्ध निर्माण, पहिरो नियन्त्रण र बस्ती संरक्षण कार्यक्रम सञ्चालनका लागि बजेट छुट्याएको छु।

१४१. नदी कटानबाट प्रभावित हुने स्थान र वस्तीहरूको प्रभावकारी संरक्षण गर्न तामाकोशी, खिम्ती, कमला, मरिन, रिउ, मगुई जस्ता नदीहरूको नदी व्यवस्थापन तथा नियन्त्रण गर्न गुरुयोजना तयार गर्ने कार्यका लागि बजेटको विनियोजन गरेको छु।

१४२. संघीय सरकारबाट सञ्चालित **उज्यालो नेपाल अभियान**सँग तादात्म्यता हुने गरी सबै प्रदेशवासीका घरघरमा बिजुली तथा स्वच्छ उर्जाका प्रविधि पुऱ्याउन ग्रामीण विद्युतीकरण कार्यक्रम र नवीकरणीय उर्जा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

**भवन, आवास तथा शहरी विकास**

१४३. विकासका दृष्टिले पछाडि परेको र मानव विकास सूचकाङ्कमा पनि कमजोर रहेको धादिङ जिल्लाको रुबीभ्याली गाउँपालिकाको समग्र विकास र उत्थानका लागि एकीकृत विकास कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

१४४. एकीकृत वस्ती विकास तथा एकीकरण कार्यक्रममार्फत जोखिमयुक्त, अवैज्ञानिक र छरिएर रहेका बसोबास तथा वस्तीहरूलाई स्थानान्तरण गरी व्यवस्थित गर्न स्थानीय तहसँगको सहकार्यमा दोलखा, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा, रामेछाप, मकवानपुर, धादिङ र सिन्धुलीमा एकीकृत वस्ती विकास कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

१४५. प्रदेश सरकारबाट दिइने सबै सेवाहरू एकै थलोबाट प्रवाह गर्न सहयोग पुग्ने गरी सबै जिल्लाहरूमा एकीकृत सरकारी भवन तथा आवास गृह निर्माण कार्यका लागि अध्ययन तथा निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१४६. प्रदेश सभा भवन निर्माण, संसदीय समितिका कार्यालयहरू, मिडिया सेन्टर लगायत आवश्यक पूर्वाधार निर्माण गर्न बजेट विनियोजन गरेको छु।

**खानेपानी तथा सरसफाई**

१४७. प्रदेशवासीको घर घरमा खानेपानीको पहुँच पुऱ्याउन **"एक घर एक धारा"** कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था मिलाएको छु।

१४८. संघीय सरकार तथा स्थानीय तहसँगको सहकार्यमा प्रदेश भित्रका अति सुख्खा क्षेत्रमा स्वच्छ खानेपानीको आपूर्ति गर्न **"सुख्खा क्षेत्र खानेपानी योजना"** सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४९. शहरी तथा ग्रामीण क्षेत्रहरूमा फोहोर पानीको व्यवस्थापन गर्न ढल व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि बजेटको व्यवस्था गरेको छु।

१५०. काठमाडौं उपत्यकालाई सफा र हरित शहरको रुपमा विकास गर्न महानगरपालिका एवं नगरपालिकाहरूसँग समन्वय गरी आवश्यक उपकरण खरिदमा सहयोग गर्न रु. २० करोड विनियोजन गरेको छु।

१५१. स्थानीय तहसँगको समन्वय र सहकार्यमा शहरी क्षेत्रमा देखिएको फोहोरजन्य वस्तुको व्यवस्थापन गर्न एकीकृत शहरी फोहोरमैला व्यवस्थापन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

**प्रदेश पूर्वाधार विकास**

१५२. प्रदेशको सन्तुलित विकास गर्न "**प्रदेश पूर्वाधार विकास कार्यक्रम**" का लागि रु १ अर्ब ९८ करोड विनियोजन गरेको छु।

**सुरक्षा, कानून एवं संचार**

१५३. आन्तरिक सुरक्षा व्यवस्थालाई थप मजबुत र सुदृढ बनाउन **प्रदेश प्रहरी कानूनको** निर्माण गरिनेछ। प्रदेश भित्रका १० जिल्लामा निर्माण कार्य प्रारम्भ भइसकेका ४८ वटा प्रहरी भवन इकाई निर्माण कार्य सम्पन्न गर्ने गरी ८२ करोड ६५ लाख रकम विनियोजन गरेको छु।

१५४. विभिन्न प्रकारका सार्वजनिक अपराध, प्राकृतिक स्रोत साधनको अनाधिकृत दोहन लगायतका गैरकानूनी कार्य नियन्त्रण गर्न आवश्यक सूचना संकलन, अनुसन्धान र तहकिकात गर्ने अधिकारसहितको प्रदेश अनुसन्धान ब्युरो गठन तथा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१५५. **"प्रदेश सरकारको पहिचान, निःशुल्क कानुनी जनसहायता अभियान"** भन्ने सोचका साथ अन्यायमा परेका महिला, दलित र अपाङ्गता भएका व्यक्ति लगायतलाई स्थानीय तहको सेवा प्रवाहमा कानूनी एवं प्रशासनिक सहजीकरण गर्न प्रत्येक स्थानीय तहमा कानूनी सहजकर्ता खटाउने कार्यक्रमलाई आवश्यकता अनुसार परिमार्जन गरी नगरपालिकाहरूमा समेत विस्तार गर्ने गरी बजेट विनियोजन गरेको छु।

१५६. प्रदेशका सबै स्थानीय तहहरू समेटिने गरी नेपालको संविधान, लोकतन्त्र, नागरिक अधिकार र कर्तव्य, विद्यमान कानूनी व्यवस्था, संघीयता कार्यान्वयन जस्ता विषयहरूमा सर्वसाधारण नागरिकलाई सुसूचित गर्न **प्रदेश जागरण अभियान** सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१५७. प्रदेश स्थित कारागारहरूलाई सुधार गृहको रुपमा रुपान्तरण गर्ने र कारागारमा रहेका कैदी बन्दीहरूलाई सीपमूलक तालिम र उत्पादित वस्तुको बजारीकरण गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१५८. प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय मार्फत प्रदेशमा सञ्चालन हुने रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा अनलाईन मिडिया जस्ता सञ्चार माध्यमहरूको दर्ता, नवीकरण साथै अभिलेखीकरण, नियमन तथा व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउँदै सञ्चार क्षेत्रको विकास र सुदृढीकरण गर्ने व्यवस्था मिलाएको छु।

१५९. सञ्चार क्षेत्रमा आवद्ध महिला सञ्चारकर्मीको क्षमता अभिवृद्धिलाई विशेष प्राथमिकतामा राखी सञ्चारकर्मीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु।

१६०. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्राप्तिमा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता परिवार एवं घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारको पीडा कम गर्न सहयोग प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिन रु. ५ करोड विनियोजन गरेको छु।

१६१. राष्ट्रका लागि बलिदान दिने ज्ञात, अज्ञात शहीदको सम्मान, द्वन्द्वको घाउ बिर्साउन एवं दिगो शान्ति स्थापनाका लागि स्थानीय तहसँगको साझेदारीमा प्रदेशका विभिन्न स्थानहरूमा शान्ति पार्क, स्मारक, शहीद तथा बेपत्ताहरूको नाममा प्रतिक्षालय, शान्ति संग्रहालयजस्ता शान्ति स्मारक पूर्वाधार निर्माण गर्ने कार्यक्रमका लागि रु. १० करोड विनियोजन गरेको छु।

१६२. स्थानीय तहबाट सम्पादन हुने न्याय निरुपणको कार्यलाई थप प्रभावकारी बनाउन स्थानीय तहका न्यायिक समितिको कार्य क्षमता अभिवृद्धि तथा पूर्वाधार निर्माणका लागि स्थानीय तहसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न रु. २ करोड १० लाख विनियोजन गरेको छु।

**निजी क्षेत्र एवं लगानी प्रवर्द्धन**

१६३. प्रदेशको समग्र आर्थिक एवं सामाजिक विकासका लागि प्रदेश सरकारले आवश्यकता महसुस गरेका विकासका विविध क्षेत्रहरूमा सार्वजनिक-निजी साझेदारी पि.पि.पि. मोडेलमा कार्यक्रमहरू सञ्चालन गर्न रु. १५ करोड विनियोजन गरेको छु।

१६४. प्रदेश नं. ३ लाई निजी एवं गैर आवासीय नेपालीहरूको लगानीको प्रमुख गन्तव्य स्थलका रुपमा विकास गर्न लगानीमैत्री कानूनहरू तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

१६५. सबै स्थानीय तहमा बैंकिङ्ग सेवा पुऱ्याउने र प्रत्येक नागरिकको बैंक खाता हुने संघीय सरकारको घोषित नीतिलाई सहयोग पुग्ने गरी **"वित्तीय साक्षरताको आधार, बैंकिङ्ग प्रणाली मार्फत सबै कारोबार"** भन्ने नाराका साथ वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

## सार्वजनिक सेवा प्रवाह र सुशासन

१६६. तीन तहको सरकारबीचको समन्वयलाई प्रभावकारी बनाई शासकीय लाभलाई प्रदेशवासी समक्ष पुऱ्याउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा **स्मार्ट कक्ष** स्थापना गर्न बजेटको व्यवस्था गरेको छु।

१६७. प्रदेश निजामती सेवा, अन्य प्रदेश सरकारी सेवा तथा **प्रदेश लोक सेवा आयोग** गठन तथा सञ्चालन सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। प्रदेश सेवाका कर्मचारीहरूको विवरण अद्यावधिक गर्न **प्रदेश निजामती अभिलेख केन्द्र** स्थापना गरी कार्यान्वयनमा ल्याउन बजेटको व्यवस्था गरेको छु।

१६८. प्रदेश सरकारको **सार्वजनिक प्रशासन गुरुयोजना** तयार गरी सेवा प्रवाहलाई नागरिकमैत्री तुल्याउन आर्थिक वर्ष २०७६/७७ को प्रथम चौमासिक भित्र नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएको छु।

१६९. जनता मुख्यमन्त्री संवाद कार्यक्रमलाई निरन्तरता दिँदै सरकारको नीति तथा योजना कार्यान्वयनको निरन्तर अनुगमन तथा मूल्याङ्कन गरी नतिजामुखी बनाउन **फलोअप डेस्क** स्थापना गर्न बजेट विनियोजन गरेको छु।

१७०. स्थानीय तहबीच समन्वय गर्न, विकास निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न, सोको अनुगमन गर्न, जिल्लामा रहने संघ र प्रदेश सरकारका कार्यालय तथा गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्न र प्रदेश कानून बमोजिमका अन्य आवश्यक कार्य गर्न जिल्ला समन्वय समितिको भूमिकालाई थप सुदृढ गर्न बजेट विनियोजन गरेको छु।

१७१. प्रदेश सार्वजनिक सेवा सञ्चालन निर्देशिका, प्रदेश सार्वजनिक सम्पत्ति व्यवस्थापन निर्देशिका, प्रदेश सार्वजनिक खरिद निर्देशिका, व्यवस्थापन परीक्षण निर्देशिका लगायत सार्वजनिक सेवालाई व्यवस्थित, व्यवसायिक एवं पारदर्शी बनाउन आवश्यक कानूनको तर्जुमा गरी कार्यान्वयन गर्न बजेटको व्यवस्था मिलाएको छु।

१७२. प्रदेश सरकारले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गर्नेछ। भ्रष्टाचार विरुद्धको रणनीतिलाई व्यापक रुपमा तल्लो तहसम्म सम्प्रेषण गरी मर्यादित, पारदर्शी, सक्षम प्रशासन निर्माण गर्न कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

१७३. शासकीय स्वच्छता र सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखी सरकारका क्रियाकलापहरू पारदर्शी र अनुमानयोग्य बनाउन **सुशासन रणनीति** जारी गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएको छु।

१७४. प्रशासनिक संरचनालाई कार्यमूलक बनाउन आवश्यक जनशक्ति व्यवस्थापनका लागि मानव संशाधन विकास योजना तथा तालिम नीति जारी गरी कार्यान्वयनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु।

१७५. प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरूको सम्पत्ति विवरण प्राप्त गर्ने र संरक्षण तथा अभिलेखीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक बजेट प्रबन्ध गरेको छु।

१७६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूलाई पारदर्शी र व्यवस्थित रुपमा परिचालन गर्न आवश्यक नीति र मापदण्ड तर्जुमा गरी त्यस्ता संस्थाहरूले प्रदेशभित्र कार्यक्रम सञ्चालन गर्नुपूर्व सहमति लिनुपर्ने गरी प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाएको छु।

१७७. मानव अधिकार संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनको कार्यलाई प्रभावकारी बनाउन प्रदेश मानव अधिकार कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएको छु।

१७८. देवानी तथा फौजदारी संहिताका विषयमा जनतालाई सुसूचित गर्न प्रदेश सरकारका संरचना मार्फत जनस्तरसम्म पुग्ने गरी चेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१७९. प्रदेश सरकारको पहिलो आवधिक योजनाको आधारपत्रको जगमा बसेर प्रदेशको आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएको छु।

१८०. वितरणमुखी योजना छनौटको अभ्यासलाई निरुत्साहित गर्न परियोजना बैंकका माध्यमबाट योजना छनौट प्रणाली स्थापित गर्ने व्यवस्था मिलाएको छु।

१८१. प्रदेश र स्थानीय तहबीचको अपरिहार्य सम्बन्धलाई थप सुदृढ बनाउन अन्तरप्रदेश, प्रदेश-स्थानीय तथा स्थानीय-स्थानीय तहबीच अन्तरसंवाद, पारस्परिक

अन्तरआवद्धता, पारस्परिक सहयोग, असल अभ्यास आदानप्रदान लगायतका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने प्रबन्ध गरेको छु।

१८२. "**प्रदेश सरकारको भावना : जिम्मेवार नागरिकको चाहना**" भन्ने सोचका साथ प्रदेशवासीलाई कामप्रति जागरुक बनाउन र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न सार्वजनिक सरसफाई, वृक्षारोपण, सानातिना पेशा व्यवसाय सञ्चालन लगायतका सामाजिक र आर्थिक क्रियाकलापमा संलग्न गराउन सचेतना अभियानसहित विभिन्न कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

**राष्ट्रसेवक**

१८३. संघीय सरकारले वृद्धि गरेको तलबमान अनुरुप २०७६ श्रावण १ गतेदेखि लागु हुने गरी प्रदेश सरकारका कर्मचारीहरूले तलब पाउने व्यवस्था मिलाएको छु। यसबाट कर्मचारी उत्प्रेरित भई सार्वजनिक सेवा प्रवाह थप प्रभावकारी हुने अपेक्षा लिएको छु।

१८४. आजका मितिसम्म प्रदेश सरकारका मन्त्रालय, सचिवालय तथा केन्द्रीय निकायमा कार्यरत रही कम्तीमा तीन महिना प्रदेश सरकारमा सेवा अवधि व्यतित गरेका कर्मचारीलाई थप उत्प्रेरित तुल्याउन र अन्य कर्मचारीहरूलाई केन्द्रीय निकायमा आकर्षित गर्न उत्प्रेरणा स्वरुप केन्द्रीय निकायमा कार्यरत कर्मचारीलाई एक महिनाको तलब बराबरको रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउन बजेटको व्यवस्था मिलाएको छु।

१८५. प्रदेशमा समायोजन भई आएका कर्मचारीहरूबाट हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त एवं नतिजामुखी बनाउन आवश्यक तालिम एवं क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

१८६. कर्मचारीलाई कामप्रति जिम्मेवार, जवाफदेही एवं जागरुक बनाई उत्प्रेरित तुल्याउन "**प्रदेश निजामती सेवा पुरस्कार**" को व्यवस्था गर्न बजेटको प्रबन्ध गरेको छु।

१८७. कर्मचारीहरूको वृत्तिविकास, सरुवा, बढुवा, सजाय, पुरस्कार एवं क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनसँग आबद्ध गर्ने व्यवस्था मिलाएको छु।

**बजेट कार्यान्वयन**

१८८. बजेट विनियोजन दक्षता बढाउन र बजेट तर्जुमालाई वैज्ञानिक तथा वस्तुनिष्ठ तुल्याउन निश्चित आधार र मापदण्ड सहितको **बजेट तर्जुमा निर्देशिका** तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

१८९. बजेटमा प्रस्तुत भएका कार्यक्रमहरूको समयवद्ध कार्ययोजना तयार गरी आर्थिक वर्षको पहिलो दिनदेखि नै बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

१९०. आर्थिक वर्ष २०७६/७७ मा विभिन्न मन्त्रालय तथा निकायबाट उपलब्ध गराइने अनुदानलाई व्यवस्थित गर्न एकीकृत अनुदान वितरण कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु।

१९१. लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारी कार्यान्वयनका लागि उक्त क्षेत्रमा विनियोजित बजेटलाई प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

१९२. महालेखा नियन्त्रक कार्यालयसँगको समन्वयमा प्रदेश अन्तर्गतका सबै मन्त्रालय एवं कार्यालयहरूको लेखा एवं प्रतिवेदन प्रणालीमा एकरुपता कायम गरी व्यवस्थित एवं वैज्ञानिक बनाउन एकीकृत लेखा प्रणाली सफ्टवेयर निर्माण कार्यका लागि बजेट विनियोजन गरेको छु।

१९३. सार्वजनिक खर्च प्रणालीलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन **वित्तीय सुशासन रणनीति तथा कार्यविधि** एवं **सार्वजनिक खर्च मापदण्ड** जारी गरी मापनयोग्य र नतिजामुखी बनाउने व्यवस्था मिलाएको छु।

१९४. संघीय सरकारद्वारा जारी गरिएको वैदेशिक सहायता परिचालन नीति, २०७६ को अनुकूल हुने गरी विकास सहायता प्राप्ति र परिचालनलाई प्रदेशमैत्री तुल्याउन **प्रदेश विकास सहायता परिचालन नीति** तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

१९५. प्रदेश सरकारको राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्व छली एवं चुहावटलाई नियन्त्रण गर्न **राजस्व चुहावट नियन्त्रण रणनीति** बनाइनेछ। प्रदेश सरकारको कोषमा प्रदेश सरकारलाई विभिन्न स्रोतहरूबाट प्राप्त हुने राजस्व स्वचालित रुपमा जम्मा हुने प्रणाली स्थापित गर्न बजेट विनियोजन गरेको छु।

**आयोजना कार्यान्वयन**

१९६. प्रदेशका सबै मन्त्रालयहरू एवं कार्यालयहरूका योजना एवं कार्यक्रम निर्माण कार्यलाई आवधिक योजनाको लक्ष्य एवं उद्देश्य अनुरुप अगाडि बढाउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

१९७. स्थानीय तहमा सञ्चालन हुने प्रदेश सरकारका विकास आयोजनालाई स्वचालित बनाउन प्रदेश कानूनको अनिवार्य पालना गर्ने, यथासमयमा प्रतिवेदन गर्ने तथा राजश्व दाखिला गर्ने प्रणालीसँग आवद्ध गरिनेछ। समयमा प्रतिवेदन नगर्ने, कानूनको परिपालना नगर्ने तथा प्रदेश सञ्चित कोषमा राजश्व दाखिला नगर्ने स्थानीय तहमा वित्तीय हस्तान्तरण र अनुदान निकासा हुन नसक्ने परिपाटिको विकास गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएको छु।

१९८. विकास आयोजना सम्बद्ध बजेट कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्न र बजेट कार्यान्वयन गर्ने पदाधिकारीलाई जवाफदेही तुल्याउन आयोजनाको प्रकृति अनुसार आयोजना प्रमुखसँग कार्य सम्पादन सम्झौता गर्ने अभ्यासको थालनी गरिनेछ। आयोजना कार्यान्वयनमा आयोजना प्रमुखलाई जिम्मेवार बनाउन **जवाफदेही कानून** तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

१९९. निर्णय प्रक्रिया, विकास योजना छनौट प्रक्रिया, समानुपातिक/समावेशी विकास अवधारणा कार्यान्वयनलाई तथ्यमा आधारित बनाउन प्रदेशको वस्तुस्थिति विवरण, स्थानीय तहगत मानव विकास सूचकाङ्क प्रतिवेदन, स्थानीय तहगत विकास पूर्वाधार र निर्माण लागत विवरण अद्यावधिक गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

**माननीय सभामुख महोदय,**

२००. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु।

२०१. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि रु. ४७ अर्ब ६० करोड ७८ लाख ८६ हजार विनियोजन गरेको छु। कूल विनियोजनमध्ये चालुतर्फ रु. २४ अर्ब ४६ करोड ७९ लाख ९० हजार अर्थात ५१ प्रतिशत, पूँजीगततर्फ रु. २२ अर्ब ८३ करोड ९८ लाख ९६ हजार अर्थात ४८ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु. ३० करोड अर्थात १ प्रतिशत रहेको छ।

२०२. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएका खर्च व्यहोर्ने स्रोत मध्ये कर राजस्वतर्फ रु. १५ अर्ब ४९ करोड ४९ लाख, अन्तरसरकारी अनुदानतर्फ रु. १८ अर्ब ६ करोड १३ लाख, अन्य राजस्वतर्फ रु. ७ अर्ब ३० करोड र राजस्व वचततर्फ अनुमानित रु. ६ अर्ब ७५ करोड १६ लाख ८६ हजार प्राप्त हुने अनुमान छ।

**माननीय सभामुख महोदय,**

२०३. अब म आगामी वर्ष २०७६/७७ को राजस्व परिचालनको नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

क. करका संरचना एवं करका दरहरूलाई समय सापेक्ष बनाउँदै कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक बनाउने,

ख. कर प्रशासनलाई व्यवसायिक, दक्ष, सुदृढ एवं करदातामैत्री बनाई प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई कर सहभागिता अभिवृद्धि गर्ने,

ग. कर कानूनको परिपालनालाई बलियो बनाउँदै कर छली र राजस्व चुहावट नियन्त्रण गर्न नीतिगत व्यवस्था सहितको रणनीति तयार पार्ने,

घ. आर्थिक क्रियाकलापहरूलाई टेवा पुग्ने गरी कर प्रणालीलाई लगानीमैत्री बनाउँदै उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्ने,

ङ. संविधान एवं अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ द्वारा निर्दिष्ट प्रदेशका कर एवं गैर करका अधिकार क्षेत्रहरुको बृहत् अध्ययन गरी करको दायरा विस्तार गर्ने।

२०४. आगामी आर्थिक वर्ष २०७६/७७ का लागि संकलन हुने राजस्वका दरहरुमा सामान्य संशोधन गर्ने प्रस्ताव गरेको छु।

**माननीय सभामुख महोदय,**

२०५. यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने प्रदेश प्रमुखज्यू र माननीय मुख्यमन्त्रीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु। यसैगरी, प्रदेश सभाका माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय सदस्यज्यूहरू एवं सबै राजनीतिक दलका शीर्ष नेतागणहरूबाट प्राप्त सुझाव, सहयोग र प्रेरणाका लागि धन्यवाद दिन चाहन्छु। बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरी प्रदेश सभाका माननीय सदस्यहरूले दिनुभएको गहन सुझावका लागि म आभारी छु। बजेट तर्जुमाका क्रममा महत्वपूर्ण सुझाव दिनु हुने निजी क्षेत्र, सहकारी क्षेत्र,

नागरिक समाज, राष्ट्रसेवक, समस्त प्रदेशवासी एवं सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

२०६. प्रस्तुत बजेटको कार्यान्वयनले लोककल्याणकारी राज्य व्यवस्थालाई प्रवर्द्धन गर्न, संघीय सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य प्राप्त गर्न तथा **समृद्ध नेपाल र सुखी नेपाली** भन्ने राष्ट्रिय नारालाई सार्थक बनाउन सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु। प्रस्तुत बजेटको कार्यान्वयनले प्रदेशको सन्तुलित एवं समावेशी विकासमा टेवा पुऱ्याई सबै प्रदेशवासीले सकरात्मक परिवर्तनको अनुभूति गर्नेछन् भन्ने अपेक्षा राखेको छु।

२०७. अन्त्यमा, प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा निरन्तर सहयोग पुऱ्याउने सबैप्रति आभार प्रकट गर्दै यो बजेट कार्यान्वयनमा सबै पक्षको सार्थक साथ, सहयोग र समन्वय रहने विश्वास लिएको छु।

**धन्यवाद।**

# अनुसूचीहरू

# आय व्ययको विवरण

## आर्थिक वर्ष २०७६/७७

(रू.हजारमा)

| शीर्षक | २०७४/७५ को यथार्थ | २०७५/७६ को संशोधित अनुमान | २०७६/७७ को अनुमान | स्रोत: प्रदेश सरकार | अन्य स्रोत: संघ अनुदान | अन्य स्रोत: वैदेशिक |
|---|---|---|---|---|---|---|
| राजस्व तथा अनुदान | १०२०५०० | ३३८८१९२७ | ४०८५६२०० | | | |
| प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व | ० | १६,६९,६६,२७ | २२,७९,४९,०० | २२,७९,४९,०० | | |
| **राजस्व** | ० | १६,६९,६६,२७ | २२,७९,४९,०० | २२,७९,४९,०० | | |
| कर | ० | १२,६९,६६,२७ | १५,४९,४९,०० | १५,४९,४९,०० | | |
| अन्य राजस्व | ० | ४,००,००,०० | ७,३०,००,०० | ७,३०,००,०० | | |
| जम्मा अनुदान | १,०२,०५,०० | १७,१८,५३,०० | १८,०६,१३,०० | ० | १८,०६,१३,०० | |
| **अनुदान** | १,०२,०५,०० | १७,१८,५३,०० | १८,०६,१३,०० | ० | १८,०६,१३,०० | |
| अनुदान | १,०२,०५,०० | १७,१८,५३,०० | १८,०६,१३,०० | ० | १८,०६,१३,०० | |
| खर्च | १,०२,०५,०० | ३४,६३,२९,५४ | ४७,३०,७८,८६ | २९,२४,६५,८६ | १८,०६,१३,०० | |
| **चालु** | १४,५०,७८ | १६,८६,७०,०६ | २४,४६,७९,१० | १७,९१,८८,६६ | ६,५४,९१,२४ | |
| पारिश्रमिक / सुविधा | ७,४२,८० | २,४२,३५,५७ | २,९१,३४,५० | २,६८,००,६१ | २३,३३,८९ | |
| मालसामान तथा सेवाको उपयोग | ६,९६,६८ | ३,०५,५१,१८ | ५,४९,०३,३२ | ४,०७,५६,९८ | १,४१,४६,३४ | |
| सहायता (Subsidy) | १०,०० | ३०,००,०० | ३,००,०० | ३,००,०० | | |
| अनुदान | ० | ६,५७,५३,६२ | ९,९१,९९,४७ | ८,८८,६८,६१ | १,०३,३०,८६ | |
| सामाजिक सुरक्षा | ० | ३२,४१,९५ | ४८,४३,२१ | ९,९३,६५ | ३८,४९,५६ | |
| अन्य खर्च | १,३० | ४,१८,८७,७४ | ५,६२,९९,४० | २,१४,६८,८१ | ३,४८,३०,५९ | |
| **पूंजीगत खर्च** | ८७,५४,२२ | १७,७६,५९,४८ | २२,८३,९८,९६ | ११,३२,७७,२० | ११,५१,२१,७६ | |
| पूंजीगत खर्च | ८७,५४,२२ | १७,७६,५९,४८ | २२,८३,९८,९६ | ११,३२,७७,२० | ११,५१,२१,७६ | |
| **बजेट बचत (-) न्यून (+)** | ० | ७५,१०,२७ | ६,४५,१६,८६ | ६,४५,१६,८६ | ० | ० |
| वित्तीय व्यवस्था | ० | -७५,१०,२७ | -६,४५,१६,८६ | -६,४५,१६,८६ | ० | ० |
| **आन्तरिक वित्तीय सम्पत्ति** | ० | -७५,१०,२७ | -६,४५,१६,८६ | -६,४५,१६,८६ | | |
| गत वर्षको नगद मौज्दात(घटाउने ) | ० | ७५,१०,२७ | ६,७५,१६,८६ | ६,७५,१६,८६ | | |
| अन्य संस्थामा शेयर लगानी | ० | ० | ३०,००,०० | ३०,००,०० | | |
| **बचत (-) न्यून (+)** | ० | ० | ० | ० | ० | ० |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आर्थिक वर्ष २०७६/७७

अनुसूची -२

(रू. हजारमा)

| शीर्षक | २०७४/७५ को यथार्थ आय | २०७५/७६ को संशोधित अनुमान | २०७६/७७ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| कर | ० | १२,६९,६६,२७ | १५,४९,४९,०० | १४,६०,१९,०० | ८९,३०,०० |
| वस्तु तथा सेवामा आधारित कर | ० | १२,६९,६६,२७ | १५,४९,४९,०० | १४,६०,१९,०० | ८९,३०,०० |
| मूल्य अभिवृद्धि कर (मू.अ.क.) | ० | ६,९९,६६,२७ | ७,६०,१९,०० | ७,६०,१९,०० | ० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ० | ६,९९,६६,२७ | ७,६०,१९,०० | ७,६०,१९,०० | ० |
| अन्तः शुल्क | ० | २,००,००,०० | ३,००,००,०० | ३,००,००,०० | ० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | ० | २,००,००,०० | ३,००,००,०० | ३,००,००,०० | ० |
| पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर | ० | ३,६०,००,०० | ४,५०,००,०० | ४,००,००,०० | ५०,००,०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ० | ३,६०,००,०० | ४,५०,००,०० | ४,००,००,०० | ५०,००,०० |
| मनोरञ्जन तथा विज्ञापन कर | ० | १०,००,०० | ३०,००,०० | ० | ३०,००,०० |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ५,००,०० | १५,००,०० | ० | १५,००,०० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ० | ५,००,०० | १५,००,०० | ० | १५,००,०० |
| बाँडफाड हुने प्राकृतिक स्रोतको रोयल्टी | ० | ० | ९,३०,०० | ० | ९,३०,०० |
| ३३३६९ अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ० | ० | ९,३०,०० | ० | ९,३०,०० |
| अनुदान | १,०२,०५,०० | १७,१८,५३,०० | १८,०६,१३,०० | १५,०६,१३,०० | ३,००,००,०० |
| अन्तरसरकारी वित्तीय हस्तान्तरण | १,०२,०५,०० | १७,१८,५३,०० | १८,०६,१३,०० | १५,०६,१३,०० | ३,००,००,०० |
| अन्तरसरकारी अनुदान | १,०२,०५,०० | १७,१८,५३,०० | १८,०६,१३,०० | १५,०६,१३,०० | ३,००,००,०० |
| १३३११ समानिकरण अनुदान | १,०२,०५,०० | ५,९६,९७,०० | ७,५९,६४,०० | ७,५९,६४,०० | ० |
| १३३१२ शसर्त अनुदान चालु | ० | १०,६१,५६,०० | ७,४६,४९,०० | ७,४६,४९,०० | ० |
| १३३१५ विषेश अनुदान | ० | ० | १,००,००,०० | ० | १,००,००,०० |
| १३३१६ समपुरक अनुदान चालु | ० | ६०,००,०० | २,००,००,०० | ० | २,००,००,०० |
| अन्य राजस्व | ० | ४,००,००,०० | ७,३०,००,०० | ६,५०,००,०० | ८०,००,०० |
| सम्पत्तिबाट प्राप्त आय | ० | ४,००,००,०० | ७,३०,००,०० | ६,५०,००,०० | ८०,००,०० |
| भाडा र रोयल्टी | ० | ५०,००,०० | २,८०,००,०० | २,५०,००,०० | ३०,००,०० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | ० | १०,००,०० | ० | १०,००,०० |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ० | ० | ५,००,०० | ० | ५,००,०० |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ० | ० | १०,००,०० | ० | १०,००,०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ० | ५०,००,०० | २,५०,००,०० | २,५०,००,०० | ० |
| १४१५८ बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ० | ० | ५,००,०० | ० | ५,००,०० |
| राजस्व बाँडफाँडबाट प्राप्त आय | ० | ३,५०,००,०० | ४,५०,००,०० | ४,००,००,०० | ५०,००,०० |
| १४१७७ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ० | ३,५०,००,०० | ४,५०,००,०० | ४,००,००,०० | ५०,००,०० |
| वित्तीय सम्पत्ति | ० | ७५,१०,२७ | ६,७५,१६,८६ | ६,७५,१६,८६ | ० |
| आन्तरिक वित्तीय सम्पत्ति | ० | ७५,१०,२७ | ६,७५,१६,८६ | ६,७५,१६,८६ | ० |
| नगद तथा मौज्दात | ० | ७५,१०,२७ | ६,७५,१६,८६ | ६,७५,१६,८६ | ० |
| ३२१२१ गत वर्षको नगद मौज्दात | ० | ७५,१०,२७ | ६,७५,१६,८६ | ६,७५,१६,८६ | ० |
| राजस्व ,अनुदानको जम्मा : | १,०२,०५,०० | ३४,६३,२९,५४ | ४७,६०,७८,८६ | ४२,९१,४८,८६ | ४,६९,३०,०० |

# कार्यगत व्यय अनुमान

## आर्थिक बर्ष २०७६/७७

अनुसूची -३
(रू.हजारमा )

| शीर्षक | जम्मा | प्रदेश | स्थानीय तह | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| **सामान्य सार्वजनिक सेवा** | १९३९७५३५ | १७५५९३७९ | १८३८१५६ | ४१ |
| कार्यकारी र विधायिकाको निकाय, वित्तिय र वैदेशिक मामिला | ७४६४९०० | ७४६४९०० | ० | |
| सामान्य सेवा | २५६९९१७ | २५६९९१७ | ० | |
| सामान्य आधारभूत सेवा | २९५२५१७ | २९५२५१७ | ० | |
| अन्य सामान्य सेवा | ३२६०६० | ३२६०६० | ० | |
| विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ६०८४१४१ | ४२४५९८५ | १८३८१५६ | |
| **सार्वजनिक शान्ति सुरक्षा** | १५०९०१४ | १५०९०१४ | ० | ३ |
| न्यायालय | १५९१४ | १५९१४ | ० | |
| सार्वजनिक शान्ति सुरक्षा | १४९३१०० | १४९३१०० | ० | |
| **आर्थिक मामिला** | १८४९३६९७ | १८४९३६९७ | ० | ३९ |
| सामान्य आर्थिक, व्यापारिक र श्रम | १७१०१२ | १७१०१२ | ० | |
| कृषि, वन , मत्स्यपालन तथा शिकार | ४७७६२४५ | ४७७६२४५ | ० | |
| खनी , उत्पादन तथा निर्माण | १६७८३ | १६७८३ | ० | |
| यातायात | ७६६४१४६ | ७६६४१४६ | ० | |
| अन्य उद्योगहरु | ६४५८५१ | ६४५८५१ | ० | |
| अनुसन्धान तथा विकास - आर्थिक मामिला | २७८२०७ | २७८२०७ | ० | |
| आर्थिक मामीला - अन्यत्र वर्गिकृत नभएको | ४९४१४५३ | ४९४१४५३ | ० | |
| **वातावरण संरक्षण** | ९५१७६९ | ९५१७६९ | ० | २ |
| जैविक विविधता र भू-संरक्षण | ४८७०७४ | ४८७०७४ | ० | |
| अनुसन्धान तथा विकास पर्यावरण संरक्षण | ४०२४२८ | ४०२४२८ | ० | |
| वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | ६२२६७ | ६२२६७ | ० | |
| **आवास तथा सामुदायिक सुविधा** | ४०६५७१० | ४०६५७१० | ० | ९ |
| आवास विकास | २५४८२१९ | २५४८२१९ | ० | |
| खानेपानी | १५१७४९१ | १५१७४९१ | ० | |
| **स्वास्थ्य** | ९७४८७१ | ९७४८७१ | ० | २ |
| अस्पताल सेवा | ४६६५५६ | ४६६५५६ | ० | |
| सार्वजनिक स्वास्थ्य सेवा | ५०८३१५ | ५०८३१५ | ० | |
| **मनोरंजन,संस्कृति तथा धर्म** | १६२२६१३ | १६२२६१३ | ० | ३ |
| मनोरंजनात्मक र खेलकुद सेवाहरु | ९७१८ | ९७१८ | ० | |
| मनोरंजन, संस्कृती र धर्म - अन्यत्र वर्गिकृत नभएको | १६१२८९५ | १६१२८९५ | ० | |
| **शिक्षा** | ५९२६७७ | ५९२६७७ | ० | १ |
| स्नातक तहको शिक्षा | ३१६१६ | ३१६१६ | ० | |
| शिक्षा अन्यत्र वर्गिकृत नभएको | ५६१०६१ | ५६१०६१ | ० | |
| **कुल जम्मा** | ४७६०७८८६ | ४५७६९७३० | १८३८१५६ | |

## मन्त्रालयगत व्यय अनुमान(वित्तीय व्यवस्था सहित)

**आर्थिक वर्ष २०७६/७७**

अनुसूची ४

(रू.हजारमा )

| | निकाय | जम्मा | प्रदेश | स्थानीय तह | % |
|---|---|---|---|---|---|
| २०२ | प्रदेश व्यवस्थापिका | ४२५२१४ | ४२५२१४ | ० | .८९३ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १५९१४ | १५९१४ | ० | .०३३ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६२२१०८ | ६२२१०८ | ० | १.३०७ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३१३४४३ | ३१३४४३ | ० | .६५८ |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ४९८५०६४ | ४९८५०६४ | ० | १०.४७१ |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४९२८८४४ | ४९२८८४४ | ० | १०.३५३ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १४९३१०० | १४९३१०० | ० | ३.१३६ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १७८१९७६५ | १७८१९७६५ | ० | ३७.४३ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ६७९८२१७ | ६२१००६१ | ५८८१५६ | १४.२८ |
| ३९१ | प्रदेश नीति तथा योजना आयोग | ६५०७४ | ६५०७४ | ० | .१३७ |
| ५०१ | वित्तिय व्यवस्था तथा सेयर लगानी | ३००००० | ३००००० | ० | .६३ |
| ६०२ | अर्थ - विविध | ८५९११४३ | ८५९११४३ | ० | १८.०४६ |
| ८०१ | स्थानीय तह | १२५०००० | ० | १२५०००० | २.६२६ |
| | **कुल जम्मा** | **४७६०७८८६** | **४५७६९७३०** | **१८३८१५६** | |

# खर्च शीर्षकगत व्यय अनुमान (वित्तीय व्यवस्था सहित)

## आर्थिक वर्ष २०७६/७७

अनुसूची -५

(रू. हजारमा)

| शीर्षक | २०७४/७५ को यथार्थ खर्च | २०७५/७६ को संशोधित अनुमान | २०७६/७७ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रदेश सरकार | अन्य स्रोत: संघ अनुदान | अन्य स्रोत: वैदेशिक |
| **चालु** | १४,५०,७८ | १६,८६,७०,०६ | २४,४६,७९,९० | १७,९१,८८,६६ | ६,५४,९१,२४ | ० |
| **२१००० पारिश्रमिक / सुविधा** | ७,४२,८० | २,४२,३५,५७ | २,९१,३४,५० | २,६८,००,६१ | २३,३३,८९ | ० |
| **२११०० पारिश्रमिक / सुविधा** | ७,४२,८० | २,४२,३५,५७ | २,८९,६०,८५ | २,६६,२६,९६ | २३,३३,८९ | ० |
| **२१११० नगदमा दिइने पारिश्रमिक र सुविधा** | ४,७१,७३ | २,०८,२८,८८ | २,४७,४८,३६ | २,२७,१४,३३ | २०,३४,०३ | ० |
| २११११ पारिश्रमिक कर्मचारी | १,४६,५९ | १,९९,९२,६२ | २,३३,००,६७ | २,१२,७४,१७ | २०,२६,५० | ० |
| २१११२ पारिश्रमिक पदाधिकारी | ३,२५,१४ | ८,३६,२६ | १४,४७,६९ | १४,४०,१६ | ७,५३ | ० |
| **२११२० जिन्सी वा जिन्सी बापत कर्मचारी दिइने पारिश्रमिक सुविधा** | ६,८९ | ९,६४,४३ | १२,६७,४० | १२,२३,२० | ४४,२० | ० |
| २११२१ पोशाक | ६,८९ | ३,२८,१४ | ४,३६,७० | ३,९२,५० | ४४,२० | ० |
| २११२२ खाद्यान्न | ० | ६,३६,२९ | ८,३०,७० | ८,३०,७० | ० | ० |
| **२११३० कर्मचारी भत्ता** | ४७,४३ | १३,११,७३ | २१,५२,६९ | १९,८४,८७ | १,६७,८२ | ० |
| २११३१ स्थानीय भत्ता | ० | ७९,१२ | ९४,५८ | ८५,३७ | ९,२१ | ० |
| २११३२ महंगी भत्ता | ४,२९ | ५,६८,१० | १०,३५,९९ | ९,३१,५९ | १,०४,४० | ० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ४,८७ | ३९,११ | १,१८,५६ | ९३,५४ | २५,०२ | ० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ० | ० | ४,१४,४४ | ४,०१,०० | १३,४४ | ० |
| २११३९ अन्य भत्ता | ३८,२७ | ७,०५,४० | ४,८९,१२ | ४,७३,३७ | १५,७५ | ० |
| **२११४० पदाधिकारी भत्ता तथा अन्य सुविधा** | २,१६,७५ | १०,५०,५३ | ७,९२,४० | ७,०४,५६ | ८७,८४ | ० |
| २११४१ पदाधिकारी बैठक भत्ता | २९,०६ | १,४४,२३ | ५,८९,२३ | ५,०१,३९ | ८७,८४ | ० |
| २११४२ पदाधिकारी अन्य सुविधा | १,८७,६९ | ९,०६,३० | २,०३,१७ | २,०३,१७ | ० | ० |
| **२१२०० कर्मचारीको सामाजिक सुरक्षा खर्च** | ० | ० | १,७३,६५ | १,७३,६५ | ० | ० |
| **२१२१० कर्मचारीको सामाजिक सुरक्षा खर्च** | ० | ० | १,७३,६५ | १,७३,६५ | ० | ० |
| २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ० | ० | १४,४० | १४,४० | ० | ० |
| २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | ० | ० | १,५९,२५ | १,५९,२५ | ० | ० |
| **२२००० मालसामान तथा सेवाको उपयोग** | ६,९६,६८ | ३,०५,५१,१८ | ५,४९,०३,३२ | ४,०७,५६,९८ | १,४१,४६,३४ | ० |
| **२२१०० सेवा महसुल** | ३६,३६ | ५,४६,६७ | १०,३४,५१ | ९,३९,२३ | ९५,२८ | ० |
| **२२११० सेवा महसुल** | ३६,३६ | ५,४६,६७ | १०,३४,५१ | ९,३९,२३ | ९५,२८ | ० |
| २२१११ पानी तथा बिजुली | १४,६२ | ३,२७,२४ | ६,०६,६८ | ५,४१,२९ | ६५,३९ | ० |
| २२११२ संचार महसुल | २१,७४ | २,१९,४३ | ४,२७,८३ | ३,९७,९४ | २९,८९ | ० |
| **२२२०० पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च** | १,२८,६८ | १२,७३,७० | २२,२८,८० | २०,२०,६६ | २,०८,१४ | ० |
| **२२२१० सवारी साधनको संचालन तथा सम्भार खर्च** | ९३,२९ | १०,११,७१ | १४,७३,९१ | १३,९८,५३ | ७५,३८ | ० |
| २२२११ इन्धन (पदाधिकारी) | १९,४१ | २,००,६६ | ६४,३५ | ६४,३५ | ० | ० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २४,२१ | २,४६,३८ | ६,२१,८६ | ५,७४,६८ | ४७,१८ | ० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ४५,१५ | ४,६१,६४ | ६,०२,८० | ५,८६,१६ | १६,६४ | ० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ४,५२ | १,०३,०३ | १,८४,९० | १,७३,३४ | ११,५६ | ० |
| **२२२२० मेशिनरी तथा औजार संचालन तथा सम्भार खर्च** | ३,७८ | ७०,४७ | २,००,५१ | १,५६,५१ | ४४,०० | ० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३,७८ | ७०,४७ | २,००,५१ | १,५६,५१ | ४४,०० | ० |
| **२२२३० निर्मित सार्वजनिक सम्पत्तिको संभार खर्च** | ३१,६१ | १,६९,५२ | ४,९४,४७ | ४,३६,६७ | ५७,८० | ० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ३१,६१ | १,६९,५२ | ४,९४,४७ | ४,३६,६७ | ५७,८० | ० |
| **२२२९० अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च** | ० | २२,०० | ५९,९१ | २८,९५ | ३०,९६ | ० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ० | २२,०० | ५९,९१ | २८,९५ | ३०,९६ | ० |

| शीर्षक | २०७४/७५ को यथार्थ खर्च | २०७५/७६ को संशोधित अनुमान | २०७६/७७ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रदेश सरकार | अन्य स्रोत | |
| | | | | | संघ अनुदान | वैदेशिक |
| **२२३०० कार्यालय सामान तथा सेवाहरू** | **१,८६,००** | **११,१३,४५** | **१६,२१,२५** | **१३,९६,७८** | **२,२४,४७** | **०** |
| **२२३१० कार्यालय सामान तथा सेवाहरू** | **१,८६,००** | **११,१३,४५** | **१६,२१,२५** | **१३,९६,७८** | **२,२४,४७** | **०** |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | १,६०,७० | ९,२२,८० | १०,७९,९८ | ९,८७,०३ | ९२,९५ | ० |
| २२३१२ पशुपंक्षीहरूको आहार | ० | १,५० | ६,८६ | १,४६ | ५,४० | ० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ० | २६,५० | ५०,५८ | १८,५८ | ३२,०० | ० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | २,१५ | ५८,७१ | १,५६,९३ | १,४६,७१ | १०,२२ | ० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २३,१५ | १,०२,४४ | २,८०,६० | २,४०,५० | ४०,१० | ० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ० | १,५० | ४६,३० | २,५० | ४३,८० | ० |
| **२२४०० सेवा तथा परामर्श खर्च** | **२५,७२** | **२०,४८,४४** | **२९,६५,००** | **२२,५७,८७** | **७,०७,१३** | **०** |
| **२२४१० परामर्श तथा अन्य सेवा शुल्क** | **२५,७२** | **२०,४८,४४** | **२९,६५,००** | **२२,५७,८७** | **७,०७,१३** | **०** |
| २२४११ सेवा र परामर्श खर्च | ९० | २,३१,५८ | ५,१४,०१ | ४,७९,९३ | ३४,०८ | ० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ० | २९,८० | ९२,०९ | ९०,०९ | २,०० | ० |
| २२४१३ करार सेवा शुल्क | २४,८२ | ४,८९,१४ | २३,००,५८ | १६,२९,५३ | ६,७१,०५ | ० |
| २२४१९ अन्य सेवा शुल्क | ० | १२,९७,९२ | ५८,३२ | ५८,३२ | ० | ० |
| **२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू** | **२,०७,५५** | **२,४४,००,६३** | **४,४६,४२,७१** | **३,२०,६९,४८** | **१,२५,७३,२३** | **०** |
| **२२५१० तालिम तथा गोष्ठी** | **६,८९** | **६५,५७,४६** | **७२,९७,३३** | **३५,७६,८३** | **३७,२०,५०** | **०** |
| २२५११ कर्मचारी तालिम खर्च | ६,८९ | ४,६६,८९ | ९,११,११ | ५,०८,८६ | ४,०२,२५ | ० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ० | ६०,९०,५७ | ६३,८६,२२ | ३०,६७,९७ | ३३,१८,२५ | ० |
| **२२५२० उत्पादन सामग्री, सेवा तथा अन्य कार्यक्रम खर्च** | **२,००,६६** | **१,७८,४३,१७** | **३,७३,४५,३८** | **२,८४,९२,६५** | **८८,५२,७३** | **०** |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ० | ६,१५,६० | ५,६४,२९ | ५,६४,२९ | ० | ० |
| २२५२२ कार्यक्रम खर्च | २,००,६६ | १,६२,५२,९५ | ३,४९,२३,८८ | २,६०,७१,१५ | ८८,५२,७३ | ० |
| २२५२९ विविध कार्यक्रम खर्च | ० | ९,७४,६२ | १८,५७,२१ | १८,५७,२१ | ० | ० |
| **२२६०० अनुगमन,मूल्यांकन र भ्रमण खर्च** | **६७,१७** | **९,३०,७०** | **१८,७५,८९** | **१५,७८,२३** | **२,९७,६६** | **०** |
| **२२६१० अनुगमन,मूल्यांकन र भ्रमण खर्च** | **६७,१७** | **९,३०,७०** | **१८,७५,८९** | **१५,७८,२३** | **२,९७,६६** | **०** |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ४६,०२ | ६,२८,४० | १३,७०,२४ | १०,९८,१७ | २,७२,०७ | ० |
| २२६१२ भ्रमण खर्च | २१,१५ | २,४१,९५ | ४,०७,९३ | ३,८४,८४ | २३,०९ | ० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ० | ६०,१५ | ८९,३० | ८९,३० | ० | ० |
| २२६१९ अन्य भ्रमण खर्च | ० | २० | ८,४२ | ५,९२ | २,५० | ० |
| **२२७०० विविध खर्च** | **४५,२०** | **२,३७,५९** | **५,३५,१६** | **४,९४,७३** | **४०,४३** | **०** |
| **२२७१० विविध खर्च** | **४५,२०** | **२,३७,५९** | **५,३५,१६** | **४,९४,७३** | **४०,४३** | **०** |
| २२७११ विविध खर्च | ४५,२० | २,३७,५९ | ५,३५,१६ | ४,९४,७३ | ४०,४३ | ० |
| **२५००० सहायता (Subsidy)** | **१०,००** | **३०,००,००** | **३,००,००** | **३,००,००** | **०** | **०** |
| **२५३०० अन्य सहायता** | **१०,००** | **३०,००,००** | **३,००,००** | **३,००,००** | **०** | **०** |
| **२५३१० अन्य सामाजिक संस्थालाई सहायता** | **१०,००** | **३०,००,००** | **३,००,००** | **३,००,००** | **०** | **०** |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ० | ३०,००,०० | ३,००,०० | ३,००,०० | ० | ० |
| २५३१५ अन्य सहायता | १०,०० | ० | ० | ० | ० | ० |
| **२६००० अनुदान** | **०** | **६,५७,५३,६२** | **९,९१,९९,४७** | **८,८८,६८,६१** | **१,०३,३०,८६** | **०** |
| **२६३०० अन्य तहका सरकारहरूलाई अनुदान** | **०** | **५,२८,८०,६७** | **६,९२,१२,४२** | **५,८८,८१,५६** | **१,०३,३०,८६** | **०** |
| **२६३२० स्थानीय निकाय पुँजीगत अनुदान** | **०** | **१,५०,००** | **०** | **०** | **०** | **०** |
| २६३२२ स्थानीय निकाय सःशर्त पुँजीगत अनुदान | ० | १,५०,०० | ० | ० | ० | ० |

| शीर्षक | २०७४/७५ को यथार्थ खर्च | २०७५/७६ को संशोधित अनुमान | २०७६/७७ को अनुमान | स्रोत | | |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | | | प्रदेश सरकार | अन्य स्रोत | |
| | | | | | संघ अनुदान | वैदेशिक |
| **२६३३० आन्तरिक अनुदान** | ० | ५,२७,३०,६७ | ६,९२,१२,४२ | ५,८८,८१,५६ | १,०३,३०,८६ | ० |
| २६३३१ समानिकरण अनुदान | ० | ० | १,२५,००,०० | १,२५,००,०० | ० | ० |
| २६३३२ शसर्त अनुदान | ० | ३,७४,२४,०० | २,८७,१२,४२ | १,८३,८१,५६ | १,०३,३०,८६ | ० |
| २६३३३ विषेश अनुदान | ० | ६५,००,०० | ४०,००,०० | ४०,००,०० | ० | ० |
| २६३३४ समपुरक अनुदान | ० | ८८,०६,६७ | २,४०,००,०० | २,४०,००,०० | ० | ० |
| **२६४०० सामाजिक सेवा अनुदान** | ० | १,२८,७२,९५ | २,९९,८७,०५ | २,९९,८७,०५ | ० | ० |
| **२६४१० चालु अनुदान** | ० | ३७,२८,९५ | ८१,१६,९५ | ८१,१६,९५ | ० | ० |
| २६४११ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | ० | ६,२०,५० | ० | ० | ० | ० |
| २६४१२ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अनुदान | ० | २,०८,५६ | ४७,१०,०० | ४७,१०,०० | ० | ० |
| २६४१३ अन्य संस्थालाई अनुदान' सःशर्त | ० | २८,९९,८९ | ३४,०६,९५ | ३४,०६,९५ | ० | ० |
| **२६४२० पुँजीगत अनुदान** | ० | ९१,४४,०० | २,१८,७०,१० | २,१८,७०,१० | ० | ० |
| २६४२१ सरकारी निकाय, समिति, बोर्ड – पुँजीगत निःशर्त अनुदान | ० | ० | ५,००,०० | ५,००,०० | ० | ० |
| २६४२२ सरकारी निकाय, समिति, बोर्ड – पुजिगत सःशर्त अनुदान | ० | ८६,७५,०० | ९०,६४,०० | ९०,६४,०० | ० | ० |
| २६४२३ अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | ० | ४,६९,०० | १,२३,०६,१० | १,२३,०६,१० | ० | ० |
| **२७००० सामाजिक सुरक्षा** | ० | ३२,४१,९५ | ४८,४३,२१ | ९,९३,६५ | ३८,४९,५६ | ० |
| **२७१०० सामाजिक सुरक्षा** | ० | २४,२६ | १०,२१,५० | २,२० | १०,१९,३० | ० |
| **२७११० सामाजिक सुरक्षा** | ० | २४,२६ | १०,२१,५० | २,२० | १०,१९,३० | ० |
| २७१११ सामाजिक सुरक्षा | ० | १,४६ | १०,२१,५० | २,२० | १०,१९,३० | ० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ० | २२,८० | ० | ० | ० | ० |
| **२७२०० सामाजिक सहायता** | ० | ३२,१७,६९ | ३८,२१,७१ | ९,९१,४५ | २८,३०,२६ | ० |
| **२७२१० सामाजिक सहायता** | ० | ३२,१७,६९ | ३८,२१,७१ | ९,९१,४५ | २८,३०,२६ | ० |
| २७२११ छात्रवृत्ति | ० | १४,८९,८० | १९,९०,८० | ० | १९,९०,८० | ० |
| २७२१३ औषधी खरिद खर्च | ० | १७,२७,८९ | १८,३०,९१ | ९,९१,४५ | ८,३९,४६ | ० |
| **२८००० अन्य खर्च** | १,३० | ४,१८,८७,७४ | ५,६२,९९,४० | २,१४,६८,८१ | ३,४८,३०,५९ | ० |
| **२८१०० सम्पत्ति सम्बन्धी खर्च** | १,३० | ५,३०,४९ | ६,१५,२६ | ५,८४,०६ | ३१,२० | ० |
| **२८१४० भाडा** | १,३० | ५,३०,४९ | ६,१५,२६ | ५,८४,०६ | ३१,२० | ० |
| २८१४१ जग्गाको भाडा | ० | ३,३० | १५,२५ | ३,२५ | १२,०० | ० |
| २८१४२ घर भाडा | ० | ४,०६,६९ | ५,९८,०१ | ५,७८,८१ | १९,२० | ० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ० | ३,०० | २,०० | २,०० | ० | ० |
| २८१४९ अन्य भाडा | १,३० | १७,५० | ० | ० | ० | ० |
| **२८२०० फिर्ता खर्च** | ० | ० | २,०० | २,०० | ० | ० |
| **२८२१० फिर्ता खर्च** | ० | ० | २,०० | २,०० | ० | ० |
| २८२१२ न्यायिक फिर्ता | ० | ० | २,०० | २,०० | ० | ० |
| **२८९०० भैपरी आउने चालु खर्च** | ० | ४,१४,५७,२५ | ५,५६,८२,१४ | २,०८,८२,७५ | ३,४७,९९,३९ | ० |
| **२८९१० भैपरी आउने चालु खर्च** | ० | ४,१४,५७,२५ | ५,५६,८२,१४ | २,०८,८२,७५ | ३,४७,९९,३९ | ० |
| २८९११ भैपरी आउने चालु खर्च | ० | ४,१४,५७,२५ | ५,५६,८२,१४ | २,०८,८२,७५ | ३,४७,९९,३९ | ० |

| शीर्षक | २०७४/७५ को यथार्थ खर्च | २०७५/७६ को संशोधित अनुमान | २०७६/७७ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रदेश सरकार | अन्य स्रोत | |
| | | | | | संघ अनुदान | वैदेशिक |
| **पूंजीगत खर्च** | ८७,५४,२२ | १७,७६,५९,४८ | २२,८३,९८,९६ | ११,३२,७७,२० | ११,५१,२१,७६ | ० |
| **३१००० पूंजीगत खर्च** | ८७,५४,२२ | १७,७६,५९,४८ | २२,८३,९८,९६ | ११,३२,७७,२० | ११,५१,२१,७६ | ० |
| **३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च** | १२,४३,९५ | १३,५८,११,६३ | २१,६९,८७,०३ | १०,६८,६५,२७ | ११,०१,२१,७६ | ० |
| **३१११० भवन तथा संरचना** | २,२९,८० | २,०४,३८,५१ | १,८९,३५,६५ | १,३६,८५,६५ | ५२,५०,०० | ० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ४,७६ | १,९५,६७,२२ | १,८४,५६,४० | १,३२,४६,४० | ५२,१०,०० | ० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १९,०४ | ४,५२,८८ | ४,३९,२५ | ४,३९,२५ | ० | ० |
| ३१११४ जग्गा विकास कार्य | ० | ० | ४०,०० | ० | ४०,०० | ० |
| ३१११५ फर्निचर तथा फिक्चर्स | २,०६,०० | ४,१८,३१ | ० | ० | ० | ० |
| **३११२० सवारी साधन तथा मेशिनरी औजार** | ९,९७,९८ | १,००,०४,७३ | ९१,४४,३५ | ८७,९८,९६ | ३,४५,३९ | ० |
| ३११२१ सवारी साधन | ७,५२,११ | २५,५१,२२ | ४७,६२,९० | ४७,५६,६५ | ६,२५ | ० |
| ३११२२ मेशिनरी तथा औजार | २,४५,८७ | ७४,५३,५१ | ३६,६४,१४ | ३४,०६,५० | २,५७,६४ | ० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ० | ० | ७,१७,३१ | ६,३५,८१ | ८१,५० | ० |
| **३११३० अन्य पूंजीगत खर्च** | १६,१७ | १,३५,२८ | २,६९,८० | २,५९,८० | १०,०० | ० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ० | ० | १,६०,०० | १,६०,०० | ० | ० |
| ३११३२ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पती प्राप्ति खर्च | १६,१७ | १,३५,२८ | १,०९,८० | ९९,८० | १०,०० | ० |
| **३११४० सुरक्षा उपकरण** | ० | ० | २,४०,०० | २,४०,०० | ० | ० |
| ३११४१ सुरक्षा उपकरण प्राप्ति खर्च | ० | ० | २,४०,०० | २,४०,०० | ० | ० |
| **३११५० सार्वजनिक निर्माण** | ० | ८,८३,३८,५७ | १७,९९,२१,५९ | ८,३८,८०,८६ | ९,६०,४०,७३ | ० |
| ३११५१ सडक तथा पूल निर्माण | ० | ३,८२,४४,५२ | ७,८९,७९,६४ | १५,०१,५० | ७,७४,७८,१४ | ० |
| ३११५३ विद्युत संरचना निर्माण | ० | २,२०,०० | ० | ० | ० | ० |
| ३११५४ तटबन्ध तथा बाँध निर्माण | ० | ३८,६५,३७ | ५२,३२,२५ | ५२,३२,२५ | ० | ० |
| ३११५५ सिंचाई संरचना निर्माण | ० | ९४,४६,०६ | २,३७,१८,६३ | १,१३,००,५० | १,२४,१८,१३ | ० |
| ३११५६ खानेपानी संरचना निर्माण | ० | ६८,२७,१४ | १,५५,१८,९७ | १,११,७३,५१ | ४३,४५,४६ | ० |
| ३११५७ वन तथा वातावरण संरक्षण | ० | ९७,०६,३२ | ७६,९०,६१ | ६६,५५,६१ | १०,३५,०० | ० |
| ३११५८ सरसफाई संरचना निर्माण | ० | ६,१९,१६ | ६,२०,०० | ६,२०,०० | ० | ० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ० | १,९४,१०,०० | ४,८१,६१,४९ | ४,७३,९७,४९ | ७,६४,०० | ० |
| **३११७० पूंजीगत सुधार खर्च** | ० | १,६८,९४,६४ | ८४,७५,६४ | ० | ८४,७५,६४ | ० |
| ३११७१ पूंजीगत सुधार खर्च सार्वजनिक निर्माण | ० | ८,५६,५९ | १८,३६,८४ | ० | १८,३६,८४ | ० |
| ३११७२ पूंजीगत अनुसन्धान तथा परामर्श | ० | १,६०,३८,०५ | ६६,३८,८० | ० | ६६,३८,८० | ० |
| **३१४०० प्राकृतिक सम्पत्ति (Non-produced assets)** | ० | ३,०५,७५ | ० | ० | ० | ० |
| **३१४१० जग्गा प्राप्ति** | ० | ३,०५,७५ | ० | ० | ० | ० |
| ३१४११ जग्गा प्राप्ति | ० | ३,०५,७५ | ० | ० | ० | ० |
| **३१५०० भैपरी आउने पूंजीगत** | ७५,१०,२७ | ५,१५,५२,१० | १,१४,११,९३ | ६४,११,९३ | ५०,००,०० | ० |
| **३१५१० भैपरी आउने पूंजीगत** | ७५,१०,२७ | ५,१५,५२,१० | १,१४,११,९३ | ६४,११,९३ | ५०,००,०० | ० |
| ३१५११ भैपरी आउने पूंजीगत | ७५,१०,२७ | ५,१५,५२,१० | १,१४,११,९३ | ६४,११,९३ | ५०,००,०० | ० |
| **वित्तीय व्यवस्था** | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| **३२००० वित्तीय सम्पत्ति** | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| **३२१०० आन्तरिक वित्तीय सम्पत्ति** | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| **३२१५० शेयर लगानी** | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| ३२१५२ अन्य संस्थामा शेयर लगानी | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| **जम्मा खर्च** | १,०२,०५,०० | ३४,६३,२९,५४ | ४७,६०,७८,८६ | २९,५४,६५,८६ | १८,०६,१३,०० | ० |

# प्रशासनिक व्यय अनुमान (वित्तीय व्यवस्था सहित)

## आर्थिक वर्ष२०७६/७७

अनुसूची -६

(रू. हजारमा)

| शीर्षक | २०७४/७५ को यथार्थ खर्च | २०७५/७६ को संशोधित अनुमान | २०७६/७७ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रदेश सरकार | अन्य स्रोत | |
| | | | | | संघ अनुदान | वैदेशिक |
| संवैधानिक अंगहरु | ७,७०,२९ | २९,८३,२२ | ४२,५२,१४ | ४२,३४,६१ | १७,५३ | ० |
| प्रदेश व्यवस्थापिका | ७,७०,२९ | २९,८३,२२ | ४२,५२,१४ | ४२,३४,६१ | १७,५३ | ० |
| चालु | ६,५१,२२ | २२,५८,२२ | २८,५०,५९ | २८,४३,०६ | ७,५३ | ० |
| पूंजीगत खर्च | १,१९,०७ | ७,२५,०० | १४,०१,५५ | १३,९१,५५ | १०,०० | ० |
| मन्त्रालय | १९,२४,४४ | २०,७८,२६,३० | ३६,४५,३३,७३ | २१,३९,३८,२६ | १५,०५,९५,४७ | ० |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | २३,११ | २,०१,७५ | १,५९,१४ | १,५३,९४ | ५,२० | ० |
| चालु | ४,९१ | ९३,८५ | १,४८,६४ | १,४३,४४ | ५,२० | ० |
| पूंजीगत खर्च | १८,२० | १,०७,९० | १०,५० | १०,५० | ० | ० |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३,७०,४७ | १४,२६,९२ | ६२,२१,०८ | ६०,९६,९६ | १,२४,१२ | ० |
| चालु | १,८६,४४ | १०,९८,४२ | ५४,८१,०८ | ५३,६०,९६ | १,२०,१२ | ० |
| पूंजीगत खर्च | १,८४,०३ | ३,२८,५० | ७,४०,०० | ७,३६,०० | ४,०० | ० |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | २,६९,३३ | ९,५२,१४ | ३१,३४,४२ | ३१,३४,४३ | ० | ० |
| चालु | १,२८,५५ | ५,८३,३२ | २७,५४,१३ | २७,५४,१३ | ० | ० |
| पूंजीगत खर्च | १,४०,७८ | ३,६८,८२ | ३,८०,३० | ३,८०,३० | ० | ० |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २,३०,७३ | ३,४९,८९,६५ | ४,९८,५०,६४ | ४,३४,८०,७५ | ६३,६९,८९ | ० |
| चालु | १,००,२२ | १,५४,७५,८९ | १,५३,६६,०४ | १,२६,३०,९५ | २७,३५,०९ | ० |
| पूंजीगत खर्च | १,३०,५१ | १,९५,१३,७६ | ३,४४,८४,६० | ३,०८,४९,८० | ३६,३४,८० | ० |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २,६५,७४ | ३,०२,६०,५२ | ४,९२,८८,४४ | ४,०५,८०,५४ | ८७,०७,९० | ० |
| चालु | १,१९,०८ | ८६,२३,७२ | ४,२९,९९,०७ | ३,४३,९३,५७ | ८६,०५,५० | ० |
| पूंजीगत खर्च | १,४६,६६ | २,१६,३६,८० | ६२,८९,३७ | ६१,८६,९७ | १,०२,४० | ० |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | २,५४,५६ | १,३२,७५,२४ | १,४९,३१,०० | १,४९,२१,०० | १०,०० | ० |
| चालु | ८१,२७ | १३,८९,२४ | २७,७१,०० | २७,७१,०० | ० | ० |
| पूंजीगत खर्च | १,७३,२९ | १,१८,८६,०० | १,२१,६०,०० | १,२१,५०,०० | १०,०० | ० |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | २,२१,२२ | ८,५८,१३,०० | १७,८१,९७,६५ | ६,१५,६२,१७ | ११,६६,३५,४८ | ० |
| चालु | ७४,३५ | १,४२,४४,६० | ३,२७,८७,७२ | २,०४,८४,४१ | १,२३,०३,३१ | ० |
| पूंजीगत खर्च | १,४६,८७ | ७,१५,६८,४० | १४,५४,०९,९३ | ४,१०,७७,७६ | १०,४३,३२,१७ | ० |
| सामाजिक विकास मन्त्रालय | २,८९,२८ | ४,०७,३२,१३ | ६,२१,००,६१ | ४,३३,५७,७३ | १,८७,४२,८८ | ० |
| चालु | १,०४,७४ | ३,०७,६०,६९ | ४,४८,०६,३३ | २,८०,९१,८४ | १,६७,१४,४९ | ० |
| पूंजीगत खर्च | १,८४,५४ | ९९,७१,४४ | १,७२,९४,२८ | १,५२,६५,८९ | २०,२८,३९ | ० |
| प्रदेश नीति तथा योजना आयोग | ० | १,७४,९५ | ६,५०,७४ | ६,५०,७४ | ० | ० |
| चालु | ० | १,६४,१९ | ४,३१,७४ | ४,३१,७४ | ० | ० |
| पूंजीगत खर्च | ० | १०,७६ | २,१९,०० | २,१९,०० | ० | ० |
| वित्तिय व्यवस्था तथा सेयर लगानी | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| वित्तिय व्यवस्था तथा सेयर लगानी | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| वित्तीय व्यवस्था | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| अर्थ बजेट | ७५,१०,२७ | १३,५५,२०,०२ | ८५९,११,४३ | ५,५९,११,४३ | ३,००,००,०० | ० |
| अर्थ - विविध | ७५,१०,२७ | १३,५५,२०,०२ | ८५९,११,४३ | ५,५९,११,४३ | ३,००,००,०० | ० |
| चालु | ० | ९,३९,७७,९२ | ७,५९,०२,०० | ५,०९,०२,०० | २,५०,००,०० | ० |
| पूंजीगत्त खर्च | ७५,१०,२७ | ४,१५,४२,१० | १,००,०९,४३ | ५०,०९,४३ | ५०,००,०० | ० |
| स्थानीय तह | ० | ० | १,८३,८१,५६ | १,८३,८१,५६ | ० | ० |
| स्थानीय तह | ० | ० | १,८३,८१,५६ | १,८३,८१,५६ | ० | ० |
| चालु | ० | ० | १,८३,८१,५६ | १,८३,८१,५६ | ० | ० |
| **जम्मा खर्च** | १,०२,०५,०० | ३५,६३,२९,५४ | ४७,६०,७८,८६ | २९,५४,६५,८६ | १८,०६,१३,०० | ० |

# आर्थिक वर्ष २०७६/७७ को लैंगिक उत्तरदायी बजेट अनुसारको व्यय अनुमान

अनुसूची -७

(रू.हजारमा )

| निकाय | | प्रत्यक्ष लाभ | अप्रत्यक्ष लाभ | तटस्थ | जम्मा |
|---|---|---|---|---|---|
| २०२ | प्रदेश व्यवस्थापिका | ० | ० | ४२,५२,१४ | ४२,५२,१४ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ० | ० | १,५९,१४ | १,५९,१४ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ० | ० | ६२,२१,०८ | ६२,२१,०८ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ० | ० | ३१,३४,४३ | ३१,३४,४३ |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ० | २,८२,६९,४० | २,१५,८१,२४ | ४,९८,५०,६४ |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ६,५९,११ | १,६४,०७,७१ | ३,२२,२१,६२ | ४,९२,८८,४४ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ० | १,४९,३१,०० | ० | १,४९,३१,०० |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३,३१,७०,८५ | २,२९,४९,०६ | १२,२०,७७,७४ | १७,८१,९७,६५ |
| ३५० | सामाजिक विकास मन्त्रालय | १,५४,६५,९८ | ५,१२,७५,१८ | १२,४१,०१ | ६,७९,८२,१७ |
| ३९१ | प्रदेश नीति तथा योजना आयोग | ० | ६,५०,७४ | ० | ६,५०,७४ |
| ५०१ | वित्तिय व्यवस्था तथा सेयर लगानी | ३०,००,०० | ० | ० | ३०,००,०० |
| ६०२ | अर्थ - विविध | ० | ० | ८,५९,११,४३ | ८,५९,११,४३ |
| ८०१ | स्थानीय तह | १,२५,००,०० | ० | ० | १,२५,००,०० |
| | कुल जम्मा | ६,४७,९५,९४ | १३,४४,८३,०९ | २७,६७,९९,८३ | ४७६०७८८६ |

| संकेत | लैङ्गिक उत्तरदायी बजेट | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | प्रत्यक्ष लाभ | ६,४७,९५,९४ | १३.६१ |
| २ | अप्रत्यक्ष लाभ | १३,४४,८३,०९ | २८.२५ |
| ३ | तटस्थ | २७,६७,९९,८३ | ५८.१४ |

**द्रष्टव्यः लैङ्गिक उत्तरदायी बजेट छुट्टयाईएका आधारहरू**

बजेटका प्रत्येक क्रियाकलाप लैङ्गिक दृष्टिले कता उन्मुख छ भनी निर्क्योल गर्न निम्नानुसार वर्गीकरण गरिएको छ :

(क) महिलालाई ५० प्रतिशत वा सो भन्दा बढी लाभ पुग्ने क्रियाकलाप - प्रत्यक्ष लाभ

(ख) महिलालाई २० प्रतिशत वा सो भन्दा माथि तर ५० प्रतिशत भन्दा कम लाभ पुग्ने क्रियाकलाप - अप्रत्यक्ष लाभ

(ग) महिलालाई २० प्रतिशत भन्दा न्यून लाभ पुग्ने क्रियाकलाप - तटस्थ

उपरोक्तानुसार प्रतिशत निकाल्दा देहायका क्रियाकलापहरूको सूचकहरुका आधारमा मूल्यांकन गरी सो मूल्यांकन का आधारमा प्राप्त हुने नतिजा बमोजिम लैङ्गिक बजेटलाई वर्गीकरण गरिएको

| क्र. सं. | सूचक | प्रतिशत |
|---|---|---|
| १ | योजना तर्जुमा र कार्यन्वयनमा महिला सहभागिता | २० |
| २ | महिलाहरूको क्षमता अभिवृद्धि | २० |
| ३ | कार्यक्रममा महिलाहरुको लागि लाभ तथा नियन्त्रणमा सुनिश्चितता -अन्य लक्षित वर्गका कार्यक्रममा समेत | ३० |
| ४ | महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि | २० |
| ५ | महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी | १० |
| | जम्मा | १०० |

# आर्थिक वर्ष २०७६/७७ को जलवायु परिवर्तन बजेट अनुसारको व्यय अनुमान

अनुसूची -८

(रु.हजारमा )

| निकाय | | प्रत्यक्ष लाभ | अप्रत्यक्ष लाभ | तटस्थ | जम्मा |
|---|---|---|---|---|---|
| २०२ | प्रदेश व्यवस्थापिका | ० | ० | ४२,५२,१४ | ४२,५२,१४ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ० | ० | १,५९,१४ | १,५९,१४ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ० | ० | ६२,२१,०८ | ६२,२१,०८ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ० | ० | ३१,३४,४३ | ३१,३४,४३ |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३,४६,६०,३८ | १,२३,२२,१४ | २८,६८,१२ | ४,९८,५०,६४ |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ५९,४८,१० | ३,९८,३४,१० | ३५,०६,२४ | ४,९२,८८,४४ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ० | ० | १,४९,३१,०० | १,४९,३१,०० |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ० | ७,९७,१६,८९ | ९,८४,८०,७६ | १७,८१,९७,६५ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ० | १०,९६,४९ | ६,६८,८५,६८ | ६,७९,८२,१७ |
| ३९१ | प्रदेश नीति तथा योजना आयोग | ० | ६,५०,७४ | ० | ६,५०,७४ |
| ५०१ | वित्तिय व्यवस्था तथा सेयर लगानी | ३०,००,०० | ० | ० | ३०,००,०० |
| ६०२ | अर्थ - विविध | ० | ० | ८,५९,११,४३ | ८,५९,११,४३ |
| ८०१ | स्थानीय तह | ० | १,२५,००,०० | ० | १,२५,००,०० |
| | कुल जम्मा | ४,३६,०८,४८ | १४,६१,२०,३६ | २८६३५००२ | ४७,६०,७८,८६ |

| संकेत | जलवायु परिवर्तन बजेट | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | प्रत्यक्ष लाभ | ४३६०८४८ | ९.१६ |
| २ | अप्रत्यक्ष लाभ | १४६१२०३६ | ३०.६९ |
| ३ | तटस्थ | २८६३५००२ | ६०.१५ |

# प्राथमिकता तथा रणनीति सारांश

अनुसूची -

(रू.हजारमा )

| संकेत | प्राथमिकता | रकम | प्रतिशत |
|---|---|---|---|
| P1 | पहिलो प्राथमिकता | ४७६०७८८६ | १००.०० |
| | कुल जम्मा | ४७६०७८८६ | १०० |

| संकेत | रणनीति | रकम | प्रतिशत |
|---|---|---|---|
| ०१ | आर्थिक वृद्धि | ८६३५४४७ | १८.१४ |
| ०२ | स्वास्थ्य तथा शिक्षा | १०५८५००९ | २२.२३ |
| ०३ | अन्तरआबद्धता र शहरी विकास | ६३७१६०० | १३.३८ |
| ०४ | उत्पादन र उत्पादकत्व अभिवृद्धि | ८४२६२४४ | १७.७० |
| ०५ | सामाजिक सुरक्षा तथा संरक्षण | ४४०९३६ | ०.९३ |
| ०६ | न्यायपूर्ण समाज | १५९१४ | ०.०३ |
| ०७ | प्राकृतिक स्रोत तथा उत्थानशीलता | १२५२८६५ | २.६३ |
| ०८ | सुशासन, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता | १७२२३२९ | ३.६२ |
| ०९ | साधारण प्रशासन | ६१०७५४२ | १२.८३ |
| १० | प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने अनुदान | ४०५०००० | ८.५१ |
| | कुल जम्मा | ४७६०७८८६ | १०० |

प्रदेश सरकार
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
हेटौंडा, नेपाल
फोन : ०५७-५२७५२०, ०५७-५२७५१८
इमेल : info@moeap.p3.gov.np, वेब : moeap.p3.gov.np